www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ८, २०८२ साल भदौ ३१ गते मंगलबार (September 16, 2025) www.janaakash.com.np



जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com


# जेन्जी आन्दोलनभित्र नदेखिएका पात्रहरु को को हुन् ?

## टिप्पणी सहितको रिपोर्ट



मोहन कार्की ।

यहि भाद्र २३ र २४ गते नेपालमा भएको जेन्जी आन्दोलनमा धेरै यवाहरुको ज्यान आन्दोलनको क्रममा गयो भने आन्दोलनकारीको आवरणमा अरबौको धन सम्पति अराजक भिडले खरानीमा परिणत गराए भने कतिपय ठाँउमा लुटपाट, चोरी, डैकतीका घटनासमेत घटेका छन् । सामान्य रुपमा हेर्दा जेन्जी पुस्ताले गरेको आन्दोलन लागेपनि यस भित्रको रहस्य निक्कै डरलाग्दो देखिन्छ ।

**घटनाक्रम १**

**जेन्जीहरुको माग**

क)सामाजिक सञ्जाल माथिको प्रतिबन्ध फुकुवा ।

ख)भ्रष्टचार नियन्त्रण ।

सरकारले २१ गतेवाट लगाएको सामाजिक सन्जालमा प्रतिबन्धको फुकुवा र भ्रष्टचार नियन्त्रण दुईशुत्रिय माग राखेर जिल्ला प्रशासन कार्यालय काठमाडौमा शान्तिपुर्ण धर्नाको लागि मितिः २०८२ साल भाद्र २३ गते अनुरोध पत्र लिएर पुगेका सबल गौतम र पुसोत्तम यादव आयोजकको रुपमा भएको उनिहरु दुवैले हस्तक्षर गरेको प्रमाणमा देखिन्छ ।

सोही दिन अर्थात २०८२ साल भाद्र २३ गते नै माइतीघर मण्डलावाट शान्तिपुर्ण रुपमा युवा विद्यार्थीहरु मागहरु राख्दै नेपाल प्रहरीकै सहयोगमा वानेश्वर पुगेर दिउसो ३ बजे कार्यक्रम सफल बनाई घर फर्कने क्रममा एक्कासी बोडिङ स्कुलका जस्ता देखिने केही गाडीहरु मूख्य सडकभन्दा केही भित्री साहायक सडकमा आएर रोकिएको र त्यस वसमा कलेज पढ्दै गरेका विद्यार्थी ओर्लिएको र एक्कासी प्रहरी माथि आक्रमण गर्न



थालिएको त्यहा विद्यार्थीको ड्रेसमा अन्य मानिसहरु समेत देखिएको विजुली बजारमा आसपासका होटल व्यवसायीले बताएको कुरालाई याहा आधारको रुपमा उल्लेख गरिएको हो । त्यो काहावाट आयो कुन कलेजवाट आयो पछि कुन कुन कलेको बस प्रयोग भयो खोजिको विषय होला ! त्यही अराजक भीडले गाडीमा मै ढुङगा हालेर प्रहरीमाथि बर्साएको र ठुलो संख्यामा अराजकता उत्पन्न भएपछि प्रहरी र विद्यार्थी बीचमा झडपमा प्रहरीको तर्फवाट गोली प्रहार भएको देखिन्छ। तर विद्यार्थीको रुपमा कलेजकै विद्यार्थीको रुपमा ग्लोबल कलेजको विद्यार्थीवाहेक अहिलेसम्म अन्य कुनै कलेजका विद्यार्थीको मृत्यु भएको पाईएको छैन ।

त्यसै दिन अर्थात २३ गते नै अराजक भीड बढ्दै गएर संसद भवनमा समेत आक्रमणमा उत्रिएर अगाडी बढेको भीडलाई नियन्त्रण गर्ने क्रममा १९ जनाको मृत्यु भएको देखिन्छ । यसरी प्रहरीको असावधानी वा अन्य कुनै षयन्त्रवाट भएको हो त्यो ईतिहासमा खोजवीनको क्रममा अझै धेरै कुराहरु प्रमाणको रुपमा भेटिएलान् ।

त्यसको अक्रोश युवा पक्तिमा वा आम नागरिकमा पर्नु स्वभाविक हो । जेन्जी पुस्ताका केही युवाले थालेको दुईशुत्रिय मागमा एकाएक भोलिपल्टवाट आगजनी, लुटपाट, सार्वजनिक सम्पतिमाथि आगजनी जस्ता घटनामा परिणत भए नेपालका राजनीतिक पार्टी, राष्ट्रियस्तरका उद्योगी, व्यापारी, उच्च पदस्थ व्याक्तिहरुको नीजि निवास कुनैपनि बाकी नराखि आक्रमण शुरु भएको २७ घण्टा भित्रमा पुरै राज्य संयन्त्र खरानीमा परिणत भएको र कतिपय पार्टीका नेताका आफन्त घर भित्रनै रहेको अवस्थमा आगोमा परि घाईते बनाई निकाल्दै गरेको कारुणिक दृष्यले मानवता हराएको देश जस्तै चित्रित गर्दै लगेको थियो ।

त्यतिमात्र होइन नेपालको ईतिहाँस बोकेको र राष्ट्रिय अन्तराष्ट्रिय सन्धि सम्झौता भएका अभिलेख रहेका सिंह दरवार भित्रका अभिलेखहरु, सर्वोच्च अदालत, जिल्ला अदालत, नेपाल प्रहरीको प्रधान कार्यलय, लगायत देशभरीका सरकारी भवनहरु आगजनीले दनीदनी बलिरहदा सिंह दरवारमा रहेको नेपाली सेना हेरेर बसीरहेको थियो ।

जाहा जाहा आजजनीको लागि हातमा पेट्रोल बोकेर हिड्ने व्याक्तिहरुले मुख छाप्ने मुखुण्डो लगाएका थिए। जो स्फुर्त आएकाले त लहडमा आकोशित भएर आएका थिए होलान् । तर जो नियतवस नेपाल जलाउन प्रयोग भएकाहरुले मुखुण्डो लगाएर नेपालका सार्वजनिक भवनमा आगो लगाएको देखिन्छ। यसका पछाडी ठूलै गिरोहको हात भएको हुनुपर्छ ।

**ईतिहासलाई फर्केर हेर्दा ।**

२००४ सालमा भारतमा खोलिएको नेपाली काँग्रेस, २००६ सालमा भारतमा नै खोलिएको नेपाल कम्युनिष्ट पार्टीले » बाकी ६ पृष्ठमा

## मृतक प्रहरीका परिवारलाई १० लाख दिइने

काठमाडौं- नेपाल प्रहरीमा कार्यरत कर्मचारीबाट तलब कट्टा गरी मृतक प्रहरीका परिवारलाई रु १० लाखका दरले सहयोग उपलब्ध गराइने भएको छ ।

प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले प्रहरी महानिरीक्षकदेखि प्रहरी निरीक्षकसम्मको तलबबाट कट्टा गरी मृतक परिवारलाई रु १० लाखका दरले सहयोग उपलब्ध गराउने निर्णय गरिएको जानकारी दिए ।



उनले एक सूचना जारि गर्दै 'यही भदौ २३ र २४ गते आन्दोलनका क्रममा कर्तव्यपालनाको सिलसिलामा मृत्युवरण गरेका अमर प्रहरीका परिवारजनलाई प्रहरी महानिरीक्षकदेखि प्रहरी निरीक्षकसम्मको तलब कट्टा गरी प्रतिपरिवार जनही रु १० लाख उपलब्ध गराउने निर्णय भएको ब्यहोरा अनुरोध छ ।'

## संविधान रक्षा गर्न समयमै निष्पक्ष निर्वाचन: गगन थापा



काठमाडौं- नेपाली कांग्रेसका महामन्त्री गगन थापाले निष्पक्ष निर्वाचन सम्पन्न गरेर संविधान र लोकतन्त्रलाई जोगाउनुपर्ने बताएका छन् । सामाजिक सञ्जाल मार्फत् थापाले तोकिएकै समयमा निर्वाचन गराउने वातावरण निर्माण गरिनुपर्ने मत सार्वजनिक गरेका छन् । 'भयरहित वातावरणमा समयमै निष्पक्ष निर्वाचन सम्पन्न गरेर संविधान र लोकतन्त्रलाई सही ट्याकमा ल्याउने आजको मुख्य राष्ट्रिय जिम्मेवारी बन्न पुगेको छ, यो कुरा नविर्सौं', थापाले लेखेका छन् । उनले निर्वाचनको तयारी सँगसँगै पार्टी पुनगर्ठन पनि गरिनुपर्ने बताएका छन् । 'पार्टी पुनर्गठन आजको अनिवार्य आवश्यकता हो । संविधान » बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP
वर्ष –१८, अंक– ८,
२०८२ साल भदौ ३१ गते मंगलबार
16 SEPTEMBER 2025, TUESDAY

…dfG5]s ;h]klg sd{lno/ cfPsf]xbg . l ; hgf
u/]dfq efÚo, ?k ;Gb/ xG5 . dfkg sfsl{

## सम्पादकीय

### खारानी बडारेर सुन्दर नेपाल बनाउन लाग्नुपर्छ ।

नेपालको ईतिहाँसमा जेन्जी पुस्ताको आक्रोशमा जुन जुन तत्वहरू घुसपैठ गरेर नेपालका सार्वजनिक सम्पतिहरू खरानी बनाए । तिनले गरेको कुकर्म त विस्तारै खुल्दै जाला र खोजविनको क्रममा पत्ता लाग्ला तर देशमा पुराना पुस्ताले प्रशासनिक सुधार गर्न नसकेको पारदर्शी नभएको जस्ता जटिल समस्या देशका नागरिकहरूमा निरासा छाएका जस्ता समस्या देशमा थिए ।

त्यसैको बीचमा सरकारले अन्तराष्ट्रिय सामाजिक सञ्जाल पेशबुक लगायतमा प्रतिबन्ध लगाउने काम गरेको थियो । त्यही अनलाईनमा बेजनेस गरेर कमाई गरिरहेका मानिसहरूको व्यवसाय ध्वस्त हुने भएपछि र सामाजिक सञ्जालमा रमाई रहेका युवा पुस्ताले सरकारको ध्यानकर्षण गराउन व्यवस्थित तरिकाले नै काठमाडौ जिल्ला प्रशासन कार्यलयमा सिडियोलाई भेटेर अग्रीम अर्थात २२ गते पत्र बुझाएर २३ गते आन्दोलन गर्ने निधो गरेको प्रमाणको रूपमा देखिन्छ ।

कार्यक्रम सोचेजस्तै तोकेकै समयमा माइतीघर मण्डलावाट नयाँ वानेश्वरमा निषेधज्ञा क्षेत्रसम्म पुगेर शान्तिपुर्ण सम्पन्न भईसकेको अवस्थामा अन्यत्रवाट घुसपैठ गरेर नेपालका महत्वपूर्ण सरकारी कार्यलयहरू जस्तै सर्वोच्च अदालत, जिल्ला अदालत, सिहदरबार भित्रका मन्त्रालयहरू, अन्य शहरका सरकारी कार्यलयहरूमा अराजकवादी शक्तिहरूले आगजनी गरेर नेपाललाई खरानीमा परिणत गराए यो जति निन्दा गरेपनि कम नै हुनेछ ।

त्यतिले नपुगेर नेपालका सञ्चार गृहहरूमा समेत आगो लगाई नेपालका प्रमाणहरू नष्ट गराउने र नेपालका सञ्चरकर्मीहरूको घरमा समेत आगजनी गरी क्षति पुऱ्याएको छ । यि खरानीको बीचमा पनि नयाँ अन्तरिम सरकार बनेको छ । यस सरकारले ६ महिना भित्र निर्वाचन गराउने र सिह दरवार लगायत सार्वजनिक सम्पतिको क्षति भएका ठाउँमा चाडो काम गरेर निर्माण थाल्ने प्रतिबद्धता आईसकेको छ ।

त्यसकारण आउदा दिनमा यस्ता अराजक गतिविधिमा संलग्न नहुने र सभ्य समाजको निर्माणमा सवै नेपालीहरू मिलेर नेपालको विकासमा अगाडी बढाई तिव्रतर गतिमा श्रमदान गरेर हुन्छकी ? आर्थिक सहयोग गरेर हुन्छकी ? सवैलाई सकारात्मक सन्देश दिएर के गर्दा देशलाई फाईदा हुन्छ । त्यो काम गरेर सुन्दर नेपाल बनाउने प्रतिबद्धता सवै नेपालीहरूले गरेर उदारण पेश गर्न सक्नुपर्छ ।

# जेनजी विद्रोह र अबको अपेक्षा



● चिरञ्जीवी मास्के

प्रत्येक्ष निर्वाचित कार्यकारी (प्रधानमन्त्री वा राष्ट्रपति) र मुलुकमा गाँजिदै गएको अनियमितता, भ्रष्टाचार, नातावाद, कृपावाद, व्यक्तिगत तथा संस्थागत मिटरब्याजी लगायतको अन्त्यको मागसहित जेनजीले शुरु गरेको आन्दोलन पुग नपुग ४८ घण्टा चल्यो । यो ४८ घण्टाको समयमा राज्यले कलिला विद्यार्थीको रगतले सडक लतपत्यायो अनि जेनजीको नाममा नेपालको पुरातात्विक महत्वका सिंहदरबार लगायतका ऐतिहासिक संरचना र व्यक्तिगत भवनसहित खर्बौंको सम्पत्ति मात्र स्वाहा भएन, नेपालको सामाजिक, सांस्कृतिक स्वाभिमान र गौरवसमेत स्वाहा भयो । सोमबार (८ सेप्टेम्बर) सडकमा पोतिएका रगतका फाल्साहरुले चिमोटिएको हरेक नेपालीको मनलाई मंगलबार रातभरि दनदनी बलिरहेको सिंहदरबारको आगोका लप्काहरुले पोलिरहेको थियो ।

आन्दोलनको पहिलो दिन १९ जेनजी अभियन्ताको मृत्युमा शोकका अश्रुधारा बगाएका सामाजिक सञ्जाल प्रयोगकर्ताहरुले दोस्रो दिन सिंहदरबार लगायतका पुरातात्विक महत्वका संरचना बल्न थालेपछि तिनै जेनजीका अभियन्ताहरुमाथि प्रश्न उठाउन थाले- के यो हिंस्रक गतिविधि जेनजी अभियन्ताकै हो ?

आन्दोलनमा सहभागी जेनजी अभियन्ताले त्यस्तो हिंस्रक गतिविधि आफूहरुले नगरेको जवाफ दिइरहे, तर जेन्जीको आन्दोलनको नाममा मानिसलाई भित्रै राखेरसमेत भौतिक संरचना ध्वस्त गर्ने काम भइरह्यो । राजधानी काठमाडौंको नख्खु, सुन्धारा लगायतका जेलहरुबाट कैदी-बन्दी भाग्ने काम निर्बाध भइरहे । यो क्रम त्यति बेलासम्म चल्यो जति बेलासम्म नेपाली सेनाले सुरक्षाको जिम्मा लिएन ।

आन्दोलनको क्रममा भएका हत्या-हिंसा र भौतिक संरचनाको क्षति तथा लुटपाटको घटनामा सरकार र आन्दोलनरत जेनजी अभियन्ता मात्र जोडिएका हुन् कि अन्य कुनै अमुक शक्तिको समेत भूमिका रहेको छ भन्ने प्रश्न पनि अहिले सर्वत्र उठ्ने गरेको छ । अनि प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिइसकेपछि नेपाली सेनाले सम्पूर्ण सुरक्षाको जिम्मा लिएर सिंहदरबार लगायतका पुरातात्विक महत्वका संरचनाहरु किन संरक्षण गर्न सकेन ? भन्ने प्रश्न पनि उठेका छन् ।

यी सबै प्रश्नका जवाफ समयक्रममा आउने नै छन् । तर अहिलेको अवस्थामा यो विषम परिस्थितिलाई नियन्त्रण गर्दै जेनजी पुस्ताको चाहना र राष्ट्रको आवश्यकताअनुसारको नेतृत्व चयन गरेर प्रजातान्त्रिक ढङ्गले मुलुकलाई अघि बढाउने विकल्प के हो ? भन्ने मुख्य विषय बनेको छ । राष्ट्रपतिले नयाँ विकल्पमा छलफल गर्न वार्ताको आह्वान गरेपछि नेपाली सेनाले समन्वय गरेर वार्ता गराउने तदारुकता देखाएको हो । तर त्यसको लागि जेनजी अभियन्ताले एकमतका साथ स्पष्ट खाका प्रस्तुत गर्नं जरुरी पनि हो । आन्दोलन भड्किएजस्तो वार्ता भड्किने अवस्था बन्यो भने यसले राजनीतिक निकास दिन सक्दैन र देशलाई बीसौं वर्ष पछाडि धकेल्दै पुरानै लयमा लर्खराउने खतरा बढ्छ भन्ने सबैलाई थाहा भएकै पनि हो । तर पनि वार्ताबाट निष्कर्षमा पुग्ने कार्य सुस्त हुन पुग्यो ।

अहिलको अवस्थामा विद्यमान विकृति-विसंगतिको अन्त्य गर्दै मुलुकलाई प्रजातान्त्रिक ढङ्गले अघि बढाउने मुख्य जिम्मेवारी आन्दोलनरत जेनजी अभियन्ता र नेपाली सेनाको काँधमा आएको छ । यो भूमिका सर्वस्वीकार्य ढङ्गले पूरा गर्ने कुरामा जेनजी अभियन्ता र नेपाली सेनाले तत्काल सक्रियता देखाओस् भन्ने आम नेपालीको अपेक्षा रहेको पनि हो । मुलुकमा जति धेरै राजनीतिक भ्याकुम रहन्छ त्यति नै धेरै विकृति-विसंगति फैलने अवसर पाउँछ भन्ने कुरा पनि यथार्थ हो ।

**जेनजी के हो ?**

४८ घण्टाको सेरोफेरोमा अपत्यारिलो विद्रोह सफल भएपछि धेरैले जेनजीको अर्थ र उमेर समूहको बारेमा चासो देखाएका छन् । जेनेरेसन जेड अर्थात् जेनजी सन् १९९७ देखि २०१५ को बीचमा जन्मिएका पुस्ता हुन् । यो हिसाबले जेनजी समूहमा १० देखि २८ वर्ष उमेर समूहका किशोर र युवाहरु पर्दछन् ।

यो नै पहिलो पुस्ता हो जो सानैदेखि इन्टरनेट, स्मार्टफोन र सामाजिक सञ्जालसँगै हुर्किए । जेनजी अभियान स्मार्ट- इन्टरनेट, रचनात्मकता, बोल्ड, रंगीन र सहभागितामूलक हुने गर्छ । जेनजी समूह सामाजिक न्याय, वातावरण, लैङ्गिक समानता र विविधताको विषयमा बढी नै सचेत रहने विश्वास गरिन्छ ।

**विगतको आन्दोलन :**

नेपालमा राजनीतिक परिवर्तनको लागि पटक-पटक आन्दोलन भएका छन् । २०४६/०४७ को जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गर्दै राजासहितको प्रजातन्त्र स्थापना गऱ्यो । कांग्रेस, एमाले, राप्रपालगायतका दलहरु सत्तामा पुगे । नेपाली जनताले त्यो आन्दोलनबाट ठूलो परिवर्तनको अपेक्षा गरेका थिए तर त्यो पूरा हुन सकेन ।

यही बीचमा नेकपा माओवादीले सशस्त्र जनयुद्ध शुरु गऱ्यो । झन्डै १७ हजार नेपाली मरे । यही बीचमा मुलुकमा ०६२/०६३ को लोकतान्त्रिक आन्दोलन सफल भयो । माओवादीहरु शान्ति सम्झौतासँगै संसदीय राजनीतिमा आए र संसद्बाटै संघीय गणतन्त्र स्थापना गरियो । फेरि कांग्रेस, एमाले, माओवादी, राप्रपालगायतका दलहरु सत्तामा पुगे । यही सेरोफेरोमा अन्य साना दलहरुसँगै राष्ट्रिय स्वतन्त्र पार्टीको पनि उदय भयो । पालैपालो सबै राजनीतिक दलहरु सत्तामा पुगे । तर फेरि पनि मुलुकमा नेपाली जनताले चाहेको परिवर्तन हुन सकेन ।

२०४६/०४७ को राजनीतिक परिवर्तनपछि मुलुकमा भौतिक विकास भए । सीमित मानिसको व्यक्तिगत विकास पनि भयो । तर यही बीचमा भ्रष्टाचार, अनियमितता, नातावाद-कृपावाद मौलाउँदै गयो । व्यक्तिगत तथा संस्थागत मिटरब्याजीको अत्याचारले विपन्न र मध्यम वर्गीय परिवार आर्थिक पीडामा परेर मानसिकरुपमा विच्छिप्त बन्नुपर्ने अवस्था भयो । संघीयताले धेरै नेताहरुलाई सुविधा दिनुपर्ने अवस्था बनेपछि राष्ट्रिय ऋण बढ्दै गयो ।

यो सबै परिदृश्यको प्रत्यक्ष पीडा जेनजी पुस्ताले भोग्नुपऱ्यो । बालमस्तिष्कले भोगेका ती पीडाले उनीहरुलाई राजनीतिक विद्रोहको लागि भित्रभित्रै तयार बनायो । जसको परिष्कृत रुप बनेर जेनजी आन्दोलन शुरु भयो र ४८ घण्टाको बीचमा मुलुकलाई तहस-नहस गरिदियो ।

यदि २०४६/०४७ यताको राजनीतिक परिवर्तनपछि राजनीतिक दलहरुले नागरिकको भावनाअनुसार संविधान र ऐन-कानुन परिवर्तन गर्दै विकास र सुशासन कायम गर्न सकेको भए राजनीतिक नेतृत्वमा युवा प्रतिनिधित्वको बहस पनि हुने थिएन र जेनजी आन्दोलनले यो रुप पनि लिने थिएन ।

**अबको निकास :**

जेनजी आन्दोलनले यतिखेर एउटा सुनौलो राजनीतिक परिवर्तनको अवसर दिएको छ । यो परिवर्तनको संघारमा अघिल्ला राजनीतिक परिवर्तनमा जस्तै स्वार्थी समूहले प्रश्रय पाए भने मृतक अभियन्ताको आत्मा र सिंहदरबारबाट फैलिएको आगाको लप्काले फेरि पनि पुस्तौंपुस्तासम्म पिरोल्नेछ । त्यसैले अबको बाटो तय गर्दा गम्भीर हुनै पर्छ ।

मुलुकमा दलहरुको भूमिका महत्वपूर्ण हुँदाहुँदै केही दलका नेता स्वार्थकेन्द्रित हुन पुग्दा अहिलेको अवस्था निम्तिन पुग्यो । हुन त राजनीतिक परिवर्तनको लागि दलहरुबाटै सर्वस्वीकार्य व्यक्तिको नेतृत्वमा अन्तरिम सरकार निर्माण गरिनुपर्ने हो । तर अहिलेको परिस्थितिमा यो सम्भव हुन सकेन । आखिर पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्रीमा नियुक्त हुनुभएको छ । उहाँको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटनसमेत गरिसक्नुभएको छ । अबको बाटो झनै चुनौतीपूर्ण देखिन्छ । त्यसैले संवैधानिक प्रावधानअनुसार बडो सुझबुझका साथ अघि बढ्नु अपरिहार्य छ ।

नागरिक चाहना तथा राष्ट्रको आवश्यकताअनुसारको परिवर्तनका लागि अबका विकल्प यस्ता हुन सक्छन् :

- शीघ्र अर्थात् अबको ६ महिनाभित्र निर्वाचन ।
- संविधान संशोधनमार्फत प्रत्यक्ष निर्वाचित कार्यकारी (राष्ट्रपति वा प्रधानमन्त्री) को व्यवस्था ।
- नीति निर्माणको लागि सानो आकारको प्रतिनिधिसभाको व्यवस्था र समानुपातिक व्यवस्था खारेज ।
- निःशुल्क शिक्षा, स्वास्थ्य र योग्यताअनुसारको रोजगारीको ग्यारेन्टीसहितको संवैधानिक व्यवस्था ।
- जमिनको राष्ट्रियकरण ।
- सम्पूर्ण नेता, कर्मचारीलगायतको सम्पत्ति छानबिन र स्रोत नखुल्ने सम्पत्तिको राष्ट्रियकरण ।
- व्यक्तिगत तथा संस्थागत मिटरब्याजीको अन्त्य ।
- अधिकार सम्पन्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग को गठन, (जहाँका कर्मचारी अन्यत्र सरुवा नहुने व्यवस्था गरिनुपर्छ ।
- उद्योग व्यवसाय सञ्चालन, कृषि उत्पादन र बजार व्यवस्थापनमा सरकारको नीतिगत सहकार्य ।
- प्रदेश संरचना खारेज गर्दै स्थानीय संरचनालाई थप बलियो बनाउन वडालाई पनि आर्थिक अधिकार ।

नागरिकका अपेक्षा पनि यिनै हुन् । बहसका केही विषय पनि हुन् यी । यी अपेक्षा पूरा गर्ने क्रममा संविधान, ऐन-कानुन निर्माण एवं संशोधनका लागि जनस्तरमा छलफल चलाउँदै, सुधार गर्दै लानुपर्छ । संविधान संशोधनको लागि राजनीतिज्ञ, मजदुर, कृषक, विद्यार्थी, व्यवसायी, नागरिक समाज, गृहिणी, विज्ञ कानुन व्यवसायी, विषयगत विज्ञ, कर्मचारी सबैको प्रतिनिधित्व हुने समिति निर्माण गर्नंपर्छ र थप विषयहरुमा समेत छलफल गरेर 'कानुनको लागि जनता हैन, जनताका लागि कानुन' हुने संविधान निर्माण गर्नंपर्छ । त्यही संविधानको भावनाअनुसार मुलुक अघि बढ्नुपर्छ ।

# फागुन २१ को निर्वाचनबारे छलफलमा जुट्यो निर्वाचन आयोग



काठमाडौं- निर्वाचन आयोग आगामी फागुन २१ गते हुनेगरी तय भएको प्रतिनिधिसभा निर्वाचनको तयारीबारे छलफलमा जुटेको छ ।

यो समाचार तयार हुँदा सम्म गृहमन्त्रालयले निर्वाचनको मितिबारे निर्वाचन आयोगलाई औपचारिक रूपमा जानकारी गराएको छैन । तथापि, आयोगले मतदाता संकलन गर्ने लगायतका विषयमा भने आयोगले छलफल सुरू गरिसकेको निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले जानकारी दिए ।

'निर्वाचनको मिति राष्ट्रिय रूपमा घोषणा भएको विषय हो । राष्ट्रिय रूपमा घोषणा भएकोले यो विषयलाई स्वतः जानकारीमा लिएर छलफल सुरू गरिएको छ,' घिमिरे भन्छन्, 'मतदाता नामावली कसरी संकलन गर्ने भन्ने विषयमा छलफल चलिरहेको छ ।'

राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ गते नयाँ प्रतिनिधिसभाको निर्वाचन मिति घोषणा गरेका छन् । यो घोषणापछि निर्वाचन आयोगले प्रतिनिधि सभा अन्तर्गत रूपन्देहीको क्षेत्र नम्बर ३ मा हुने भनिएको उपनिर्वाचन रद्द गरेको छ । यो क्षेत्रमा आगामी कातिक १७ गते उपनिर्वाचन गर्ने तय भएको थियो ।

मनाङको प्रदेश सभा क्षेत्र २ मा भने कात्तिक १७ मै उपनिर्वाचन हुने आयोगले जनाएको छ ।

निर्वाचन आयोगका सूचना अधिकारी घिमिरेले भनेका छन्, ' प्रदेशको हकमा अन्यथा निर्णय नभएकोले केही बोलिरहनुपरेन । मनाङको प्रदेश सभा क्षेत्र २ मा कात्तिक १७ मै उपनिर्वाचन हुन्छ ।'

४ मंसिर २०७९ मा सम्पन्न प्रदेश सभा क्षेत्र निर्वाचनमा मनाङ प्रदेश सभा क्षेत्र २ बाट स्वतन्त्र उम्मेदवार राजिव गुरूङ (दीपक मनाङे) निर्वाचित भएका थिए । ज्यान मार्ने उद्योग गरेको मुद्दामा दीपक मनाङेलाई सर्वोच्च अदालतले जेल सजाय सुनाएको थियो । यही मुद्दामा सर्वोच्चले गण्डकी प्रदेश सभा सदस्यको हैसियतमा पदमा बस्न मनाङे अयोग्य रहेको फैसला गरेको थियो । त्यसयता मनाङ प्रदेश सभा क्षेत्र २ रिक्त छ ।

प्रदेश सभा अन्तर्गत् खाली रहेको स्थानमा उपनिर्वाचन गर्ने र आगामी फागुनमा हुने आम निर्वाचनको तयारी पनि अगाडि बढाउने गरी आयोग छलफलमा जुटेको हो ।

/fdĵfk 8fo/L

# रामेछापका पत्रकारलाई आयुर्वेद तथा वैकल्पिक चिकित्सालयबाट निःशुल्क उपचार सेवा



रामेछाप— आयुर्वेद तथा वैकल्पिक चिकित्सालय रामेछापले जिल्लाका पत्रकार हरूलाई निःशुल्क उपचार सेवा दिने निर्णय गरेको छ ।

चिकित्सालय सञ्चालन तथा व्यवस्थापन समितिको बैठकले पत्रकारलाई स्वास्थ्य उपचारमा विशेष सुविधा दिने उद्देश्यले यस्तो निर्णय गरेको हो । चिकित्सालय व्यवस्थापन तथा सञ्चालन समिति बैठकले पत्रकारलाई स्वास्थ्य सेवामा सहयोग गर्ने निर्णय गरेको छ ।

चिकित्सालयका निमित्त प्रमुख दीपक कार्कीले पत्रकारहरूलाई औषधि बाहेकका सबै उपचार सेवा निःशुल्क उपलब्ध गराइने जानकारी दिनुभयो । उहाँका अनुसार वाग्मती प्रदेश सरकारले प्रदेशभरका पत्रकारलाई निःशुल्क स्वास्थ्य बिमा लगायतका सुविधा उपलब्ध गराइरहेको सन्दर्भमा रामेछापका पत्रकारलाई चिकित्सालयमार्फत थप सुविधा दिने निर्णय गरिएको हो ।

'नेपाल पत्रकार महासंघ रामेछापको परिचयपत्र वा नेपाल सरकारका आधिकारिक निकायमा दर्ता भएका सञ्चारमाध्यमका परिचयपत्र बोकेका पत्रकार हरूलाई निःशुल्क उपचार सेवा दिने निर्णय भएको छ,' उहाँले बताउनुभयो ।

# युवाहरूले धैर्य गरेको भए एमाले आकांक्षा पूरा गर्ने गरी अघि बढ्दै थियो : शंकर पोखरेल



काठमाडौं- नेकपा एमालेका महासचिव शंकर पोखरेलले आफ्नो पार्टी युवाहरूको आकांक्षा पूरा गर्नका लागि अघि बढ्ने क्रममा हुँदाहुँदै पनि गत २३ र २४ भदौमा जेनजीहरूको प्रदर्शन भएको टिप्पणी गरेका छन् ।

सोमबार पार्टी केन्द्रीय कार्यालय च्यासलको अनुगमनपछि कार्यकर्ता तथा सञ्चारकर्मीलाई सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएका हुन् । भदौ २०, २१ र २२ गते आयोजित पार्टीको विधान महाधिवेशनमा पनि युवाहरूको आकांक्षा सम्बोधन गर्नेगरी विविध छलफल भएको र त्यही अनुसार अघि बढ्न खोजिएको समेत उनले बताएका छन् ।

'मलाई लाग्छ युवाहरूले धैर्यता गरेको भए नेकपा एमाले नै उहाँहरूको आकांक्षा पूरा गर्ने पार्टीका रूपमा अगाडि आउँदै थियो,' उनले भने, 'हामीले त्यस प्रकारका संकल्प र योजना अघि सारेका थियौं । बिडम्बना भन्नुपर्छ, हामीले त्यस प्रकारका योजना र संकल्प वयवहारमा लागू गर्न पाएनौं ।' उनले अहिले बनेको अन्तरिम सरकारले समयमै निर्वाचन गराउने कुरामा ध्यान दिनुपर्ने समेत बताए । 'यो सरकार अन्तरिम भएकाले पनि उसको कर्तव्य हो समयमै निर्वाचन गराउने कुरा शान्ति सुरक्षाको वातावरण तयार गरेर समयमा निर्वाचन गराउने कुरामा सरकारको ध्यान जानेछ । सबै लोकतान्त्रिक पार्टी जनतामा गएर अभिमत प्राप्त गर्ने प्रक्रियामा प्रवेश गरेको छ,' उनले भने, 'सधैंभरी सडक जनमत प्राप्तिको माध्यम हुन सक्दैन, हुन हुँदैन ।

एउटा युगले ल्याएको परिवर्तनलाई संविधानमा संश्लेषण गरिसकेपछि परिवर्तनको आधार संविधानलाई बनाउन नसक्ने हो भने मुलुक कहिल्यै पनि परिवर्तनको आधारमा अघि बढ्न सक्दैन ।'

सम्बोधनको क्रममा पोखरेलले सधैं सडकबाट मात्रै स्थायित्व र विकास हुन नसक्ने समेत जिकिर गरे । 'समाधान सधैं सडकबाट खोज्ने हो भने स्थायित्व र विकास हुन सक्दैन ।

मुलुकलाई संविधानतर्फ फर्काउनका लागि तोकिएकै समयमा निर्वाचन गर्न जरूरी छ,' पोखरेलले भने, ' हाम्रो पार्टी अहिले उठिरहेका प्रश्नको जवाफ दिन सक्षम छ, युवाको भावनालाई सम्बोधन गर्न, परिवर्तनको आकांक्षालाई बोक्न र मुलुकको विकास र समृद्धिको नेतृत्व गर्न सक्षम छ ।'

उनले युवाहरूका आकांक्षा समयमै पूरा गर्न नसकेको सत्य भएको स्वीकादै देशभक्ति, सुशासन, विकास र समृद्धिमाथि प्रश्न गर्ने कुरा उचित नहुने पनि बताए । पोखरेलले थप अघि भने, 'हामी फेरि उठ्नेछौं । अझै एकताबद्ध र जनताको भावनालाई सम्बोधन गर्नेगरी हामी उठ्नेछौं ।'

# 'विद्रोह जेन–जीको विद्रोह जेन–एक्सका सरकार'



काठमाडौं- विप्लव नेतृत्वको नेकपाले पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकारको बनोटप्रति विरोध जनाएको छ ।

नेकपाका महासचिव नेत्रविक्रम चन्द (विप्लव)ले भाद्र ३० गते भिडियो सन्देश जारी गर्दै 'विद्रोह जेन-जीको तर सरकार जेन-एक्सको' भएको भन्दै विरोध जनाएका हुन् ।

उनले भनेका छन्, 'सम्पूर्ण नागरिकहरुको प्रतीक्षालाई चिर्दै पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार निर्माण भएको छ । सरकारको निर्माण जेन जी र जनताको अपेक्षा विपरीत बन्न पुगेको छ ।'

उनले थप भनेका छन्, 'विद्रोह जेनजीको सरकार जेन एक्सको भएको छ । हाम्रो पार्टी यो सरकारको बनोटप्रति विरोध दर्ज गर्दै गम्भीरतापूर्वक नियाल्ने निष्कर्षमा पुगेको छ ।'

आन्दोलनरत शक्ति, नागरिक समाज, संघर्षरत राजनीतिक शक्ति सम्मिलित सर्वपक्षीय अन्तरिम सरकार बन्नुपर्छ भन्ने सुझाव पुगे पनि यसलाई जानाजान बेवास्ता गरिएको विप्लवले बताएका छन् । त्यसैले राजनीतिक दल र जनताले यसलाई नस्वीकार्ने उनको भनाइ छ ।

'कसको दबाब वा इसारामा यो गरियो विषय रहस्यपूर्ण छ,' विप्लवले भनेका छन्, 'परन्तु यसमा गैरदलीय, गैर वामपन्थी सोचले काम गरेको देख्न सकिन्छ ।'

उनले अहिले सरकार र मन्त्रीमण्डल मात्र नभई राज्यको पुनर्संरचना र संविधानको पुनर्लेखन चाहिएको बताएका छन् ।

'पुरानो राज्य प्रणालीलाई यथावत राखेर यसको निकास सम्भव छैन । तसर्थ आदरणीय जनसमुदायमा हाम्रो विशेष अपिल छ कि राज्यलाई अग्रगामी रुपान्तरण गर्नका लागि समयमै सचेत बनौं,' विप्लवले भनेका छन्, 'देशका सामु खडा भएका राष्ट्रिय स्वाधिनताको विशेष चुनौतिलाई गम्भीरतापूर्वक आत्मसाथ गरौं ।'

उनले देशको स्वाधिनता, आत्मनिर्भरता, जनअधिकार र नेपाली विशेषताको समाजवादको पक्षमा इमान्दारीपूर्वक डटिरहने प्रतिबद्धता पनि व्यक्त गरेका छन् ।

# पदभार गर्न निजी गाडीमै मन्त्रालय पुगे अर्थमन्त्री



काठमाडौं- अर्थमन्त्री रामेश्वर खनाल आफ्नो निजी सवारीमा अर्थमन्त्रालय आएका छन् ।

राष्ट्रपति भवन शीतल निवासमा आफै गाडी चलाएर शपथ ग्रहण समारोहमा पुगेका अर्थमन्त्री खनालले पदभार ग्रहण गर्न आउँदा पनि सरकारी गाडी प्रयोग नगरी निजी गाडीमै अर्थ मन्त्रालय पुगेका हुन् ।

यसअघि उनले मन्त्री भएबापत अतिरिक्त सुविधा नलिने घोषणा गरेका थिए भने निजी सुरक्षागार्ड (पीएसओ), सवारीसाधन लगायत सुविधा नलिने शर्त राखेरै मन्त्री पद स्वीकार गरेका थिए । खनालले तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईको आर्थिक सल्लाहकार रहँदा पनि सरकारी सेवा सुविधा लिएका थिएनन् ।

खनाल केही समयअघि सरकारी खर्च कटौतीबारे सुझाव दिने समितिको नेतृत्वमा थिए । सार्वजनिक प्रशासन सुधार र मितव्ययी खर्चको वकालत गर्दै आएका खनाल इमान्दार छवि बनाएका पूर्वसचिवका रूपमा चिनिन्छन् ।

## भारतबाट बढेर आयो पेट्रोल र डिजेलको मूल्य, तर नेपालमा मूल्य नबढ्ने

काठमाडौं- भारतीय आयल निगम (आईओसी) ले नेपालमा पेट्रोलियम पदार्थको मूल्य बढाएर पठाएको छ ।

आईओसीबाट ३० भदौमा प्राप्त पेट्रोलिमय पदार्थको नयाँ खरिद मूल्य अनुसार प्रति लिटर २ रुपैयाँ २९ पैसा र डिजेलमा ३ रुपैयाँ ४६ पैसा बढेर आएको निगमले जनाएको छ ।

आसन्न चाडपर्वको अवसर एवं मुलुकको हालको विषम परिस्थितिमा पेट्रोलियम पदार्थ तथा ग्यासको मूल्यमा वृद्धि गर्दा आम उपभोक्ता वर्गमा पर्न जाने मूल्य वृद्धिको चापलाई कम गर्न र मूल्य स्थिरता कायम गरी मुलुकभरि पेट्रोलियम पदार्थको सहज आपूर्ति गर्न साविकको खुद्रा मूल्यलाई नै यथावत कायम हुने निगमले जनाएको छ ।

# ओली क्याबिनेटमा निर्णयका लागि पेश भएका सबै प्रस्तावहरू फिर्ता



काठमाडौं- सरकारले अघिल्लो मन्त्रिपरिषद् बैठकमा निर्णयका लागि पेश भएका सबै प्रस्तावहरू फिर्ता गरेको छ ।

जेनजी प्रदर्शनको बलमा प्रधानमन्त्री नियुक्त भएकी सुशीला कार्की नेतृत्वको सरकारले अघिल्लो सरकारले निर्णयका लागि पेश गरेका सबै प्रस्तावहरू सम्बन्धित मन्त्रालयमै फिर्ता पठाउने निर्णय गरेको हो ।

'अघिल्लो मन्त्रिपरिषद्मा निर्णयका लागि पेश भएको प्रस्तावहरू सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने निर्णय भएको छ,' गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए । गत २३ र २४ भदौमा भएको जेनजीहरूको प्रदर्शन उग्र बन्दै गएपछि निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएका थिए ।

उनले राजीनामा दिएपछि नेपाली सेनासमेतको सहयोगमा राष्ट्रपति रामचन्द्र पौडेलले कार्की नेतृत्वमा अन्तरिम सरकार गठन गरेका थिए ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ८,
२०८२ साल भदौ ३१ गते मंगलबार
16 SEPTEMBER 2025, TUESDAY

# जिल्ला प्रशासन कार्यालय काठमाडौंमा शिवम् सिमेन्टको सरसफाई, फर्निचर हस्तान्तरण



काठमाडौं- जेनजी आन्दोलनका क्रममा काठमाडौंका विभिन्न स्थान भएको आगजनी तथा तोडफोडका कारण सिर्जना भएको असुविधा र अव्यवस्था व्यवस्थापनका लागि शिवम् सिमेन्टले सरसफाई कार्यक्रम सुरू गरेको छ ।

कम्पनीले आज जिल्ला प्रशासन कार्यालय काठमाडौंसँग समन्वय गर्दै जिल्ला प्रशासन कार्यालय सरसफाई गर्नँका साथै दैनिक कार्य संचालन सहज बनाउन आवश्यक फर्निचर समेत सहयोग गरेको छ ।

कम्पनीले अहिलेको विषम् परिस्थितिमा आवश्यक सहयोग र श्रमदान प्रदान गर्दै आगामी दिनहरूमा समेत निरन्तर श्रमदान तथा सरसफाई कार्यक्रम संचालन गर्ने जनाएको छ ।

शिवम् सिमेन्टले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत समुदाय र शहरलाई व्यवस्थित र सफाबनाउन योगदानदिन प्रतिबद्ध रहेको जनाएको छ ।

अहिलेको परिस्थितिमा समुदाय र सहरको पुननिर्माणको लागि सहयोग र श्रमदान गर्नं कर्तव्य भएको कम्पनीले जनाएको छ ।

# नयाँ अर्थमन्त्रीलाई उत्साही तुल्याउने अर्थतन्त्रको बाहृय सूचक

काठमाडौं- अर्थतन्त्रको बाह्य सूचक नयाँ अर्थमन्त्री रामेश्वर खनाललाई उत्साहित तुल्याउने खालको देखिएको छ ।

खनालले नियुक्ति लिएर अर्थ मन्त्रालयको नेतृत्व सम्हालेकै दिन नेपाल राष्ट्र बैंकले रेमिटेन्स, विदेशी मुद्राको सञ्चिति, शोधनान्तर बचत र चालु खाताको रकम बढेको तथ्यांकसहित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति सार्वजनिक गरेको छ ।

राष्ट्र बैंकका अनुसार चालु वर्षको पहिलो महिनामा पौने २ खर्ब भन्दा धेरै रेमिटेन्स भित्रिएको छ । साउनमा १७७ अर्ब ४१ करोड रूपैयाँ भित्रिएको हो । यो रकम पोहोर साउनको तुलनामा २९.९ प्रतिशत धेरै हो ।

पोहोर साउनमा १३६ अर्ब ६० करोड रूपैयाँ रेमिटेन्स भित्रिएको थियो । त्यतिखेर रेमिटेन्स वृद्धि दर १७.७ प्रतिशत थियो । साउनमा अन्तिम र पुनः श्रम स्वीकृति लिएर ६८ हजारभन्दा बढी युवा वैदेशिक रोजगारीमा गएका छन् । यो संख्या पोहोर साउनमा साढे ५७ हजार थियो ।




राष्ट्र बैंकका अनुसार चालु खाता ७८ अर्ब १४ करोड र शोधनान्तर स्थिति ८९ अर्ब ३० करोड बचतमा छ । पोहोर साउनमा चालु खाता ३३ अर्ब ८ करोड र शोधनान्तर स्थिति ४० अर्ब ९० करोड बचतमा थियो ।

यस्तै विदेशी विनिमय सञ्चिति ४.८ प्रतिशतले बढेको छ । गत असार मसान्तमा २६७७ अर्ब ६८ करोड रूपैयाँ बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति साउन मसान्तमा २८०६ अर्ब ४ करोड रूपैयाँ बराबर पुगेको छ । यो १६.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ ।

# उद्योग व्यवसाय गर्ने वातावरण बनाउन सीएनआईको माग




काठमाडौं- नेपाल उद्योग परिसंघ (सीएनआई)ले उद्योग व्यवसाय गर्ने वातावरण बनाउन माग गरेको छ ।

जेनजी आन्दोलनका क्रममा औद्योगिक एवं व्यावसायिक क्षेत्रमा परेको गम्भीर असर एवं व्यक्ति तथा व्यवसाय केन्द्रित तोडफोड, आगजनी एवं लुटपाटका घटनाले लगानीकर्ता त्रसितसँगै धेरैको रोजगारी समेत प्रभावित भएको सीएनआईले बताएको छ ।

लगानीकर्ता त्रसित भइरहने स्थिति भए त्यसको गम्भीर असर रोजगारीसँगै स्वदेशी एवं विदेशी लगानीमा पर्ने हुँदा निजी क्षेत्रलाई निर्वाध उद्योग व्यवसाय गर्ने वातावरण बनाइ सुरक्षाको प्रत्याभूति दिलाउन सीएनआईले आग्रह गरेको छ ।

'सार्वजनिक एवं निजी क्षेत्रका संरचना पुनर्निर्माणका लागि खबौं लगानी आवश्यक पर्ने देखिन्छ । राज्यको स्रोतले मात्रै पुनर्निर्माण गर्न सक्ने अवस्था छैन । राज्यको प्रमुख आय स्रोत निजी क्षेत्र नै भएको हुँदा त्रास एवं भयमुक्त भई उद्योग व्यवसाय गर्ने वातावरण सुनिश्चित गर्न परिसंघ आग्रह गर्दछ,' सीएनआईले शुक्रबार प्रेस विज्ञप्ति जारी गरी भनेको छ ।

अप्ठ्यारोमा परेको मुलुकको अर्थतन्त्रलाई सबै मिलेर अगाडि बढाउने वातावरण बनाउनुपर्ने सीएनआईको भनाइ छ ।

# जेनजीको आन्दोलनले होटलमा २५ अर्बको क्षति

काठमाडौं-जेनजीको आन्दोलनका क्रममा करिब दुई दर्जन होटलमा आक्रमण हुँदा करिब २५ अर्ब रूपैयाँ बराबरको क्षति भएको छ ।

काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागमा रहेका होटलमा गरिएको तोडफोड तथा आगजनीका कारण २५ अर्ब रूपैयाँबराबरको क्षति पुगेको आकलन गरिएको होटल संघ नेपाल (हान)ले जनाएको छ ।

हानका अनुसार काठमाडौं उपत्यका, पोखरा, बुटवल, भैरहवा, झापा, मोरङ, धनगढी, महोत्तरी, दाङ लगायतका क्षेत्रमा सञ्चालित स्वदेशी तथा विदेशी ब्राण्डका होटलमा आगजनी, तोडफोड र लुटपाट भएको छ । काठमाडौंको हिल्टन होटलमा मात्रै ८ अर्बभन्दा बढीको क्षति भएको हानको भनाइ छ । आन्दोलनका क्रममा क्षति पुगेका होटल मर्मत संभार, पुनर्निर्माण नगरी संचालनमा आउने अवस्था छैन । जसका कारण चाडपर्वको समयमा दुई हजारभन्दा बढी कर्मचारीको रोजिरोटीमा प्रत्यक्ष प्रभाव परेको हानको भनाइ छ ।

# भाटभटेनीको १२ वटा आउटलेट आगजनीले पूर्णरूपमा नष्ट

काठमाडौं- जेनजी प्रदर्शाका क्रममा देशभर निजी क्षेत्रले खोलेका स्टोर र उद्योगहरू पनि निशानामा परे । काठमाडौं सहित देशभर संचालनमा रहेको भाटभटेनी सुपरमार्केटको विभिन्न आउटलेटमा प्रदर्शनकारीले तोडफोड र आगजनी गरे ।

भाटभटेनीका आउटलेटहरू छानी छानी तोडफोड र आगजनी मात्र भएन त्यहाँका सामानहरू लुटपाट पनि भयो । भाटभटेनीका चिफ अपरेटिङ अफिसर पनु पौडेलका अनुसार १२ वटा आउटलेट आगजनीले पूर्ण रूपमा क्षति भएको छ । टंगाल, महाराजगंज, बौद्ध, कोटेश्वरसहित बालुवाटारमा रहेको वेयरहाउस समेत आगजनीले नष्ट भएको छ । यस्तै, पोखरा, चितवन, हेटौंडा, बिर्तामोड, दमक, विराटनगर र धरानमा रहेका आउटलेट पनि पूर्णरूपमा नष्ट भएका छन् ।

यी आउटलेटहरूमा पहिला तोडफोड गरेर सामानहरू लुटपाट भएको थियो । त्यसपछि त्यहाँ आगो लगाइएको थियो । यता, ९ वटा आउटलेटमा भने लुटपाट र आगजनी भएको छ । कलंकी, थिमी, बालाजु, जनकपुर, बुटवल, विरगंज, धनगढी, इटहरी र भैरहवामा भवनमा तोडफोड भएको छ भने इन्भेन्टरी लुटपाट भएको छ ।



यी आउटलेटहरू लुटपाट र आगजनी भएको दृश्य सामाजिक संजालमा पनि सेयर भएका छन् । मानिसहरू कानुनी राज्यको उपहास गर्दै भाटभटेनीका सामानहरू लुटेर लगिएको दृश्य कैद भएका हुन् । केहीले भने उनीहरूलाई रोक्ने प्रयास पनि गरेका थिए । देशभरका २१ वटा भाटभटेनीमा आगजनी र लुटपाटबाट भएको क्षतिको मूल्य अहिले नै भन्न सकिने अवस्था नरहेको पौडेलले बताएका छन् । उनका अनुसार सम्पूर्ण क्षतिको विवरण आउन दुई देखि चार हप्ता लाग्न सक्छ ।

उनले ७ वटा आउटलेटमा भने कुनै तोडफोड र क्षति नभएको पनि बताएका छन् । टोखा, सातदोबाटो, अनामनगर, सानागाउँ, त्रिपुरेश्वरको युनाइटेड वर्ल्ड ट्रेड सेन्टर, पाटनको कृष्ण गल्लीको आउटलेटमा क्षति नभएको जानकारी उनले दिएका छन् ।

उपत्यका बाहिर भने नेपालगंजमा रहेको आउटलेटमा पनि कुनै क्षति भएको छैन । भाटभटेनीबाट खाद्यान्नदेखि कपडा, जुत्ता, इलेक्ट्रोनिक्स सामाग्रीसँगै बिलिङ मेसिन र काउन्टरहरू नै लुटपाट भएका छन् । केही स्थानमा यसरी लुटिएका सामानहरू फिर्ता गराउने अभियान पनि चलेको छ ।

भाटभटेनीका २१ वटा आउटलेट र इन्भेन्टरी प्रभावित हुँदा त्यसले त्यहाँ कार्यरत कर्मचारीहरूलाई पनि प्रभावित पारेको छ । भाटभटेनी लुटपाट र तोडफोड गर्ने केही व्यक्तिलाई सेना र स्थानीयले नियन्त्रणमा लिएको छ ।

# गभर्नर पौडेलसामु उद्योगीले मागे मनोबल उकास्ने प्याकेज



काठमाडौं- नेपाल राष्ट्र बैंकले जेनजीको आन्दोलनले क्षति ब्यहोरेका उद्योगी व्यवसायीलाई सहुलियतका कार्यक्रम ल्याउने भएको छ ।

गभर्नर डा. विश्वनाथ पौडेलले शुक्रबार बैंक तथा वित्तीय संस्था सम्बद्ध एसोसिएसनका प्रतिनिधि र उद्योगी व्यवसायीसँग अलग-अलगरूपमा छलफलका क्रममा यसका लागि कार्यदल बनाएर अध्ययन गर्ने बताएका छन् ।

जेनजीको आन्दोलनले वित्तीय क्षेत्र र उद्योग व्यवसायमा परेको असर र यसबाट सिर्जित चुनौतीमा केन्द्रित रहेर छलफल गर्न व्यवसायी र बैंकरलाई बोलाएको थियो । उद्योगी व्यवसायीले तोडफोड र आगजनीका कारण व्यावसायिक क्षेत्रले ठूलो क्षति ब्यहोरेको उल्लेख गर्दै मनोबल उकास्न राज्यका निकायले सहयोग गर्नंपर्ने बताए ।

'गाडीका शोरूमदेखि डिपार्टमेन्टल स्टोर र होटल आगजनीले ध्वस्त भएका छन् । जसले गर्दा हाम्रो मनोबल खस्किएको अवस्था छ । त्यसैले राष्ट्र बैंकले मनोबल उकास्ने खालका सहुलियतका प्याकेज ल्याउनुपर्छ,' छलफलमा सहभागी व्यवसायीलाई उद्घृत गर्दै राष्ट्र बैंकका एक कर्मचारीले भने ।

छलफलमा नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डे, नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जान श्रेष्ठ, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल लगायत उद्योगी सहभागी थिए ।

सहयोग मागेका उद्योगी व्यवसायीलाई गभर्नर पौडेलले घटनाबाट प्रभावित उद्योग-व्यवसायको पुनरूत्थानका निम्ति आवश्यक नीतिगत सहजीकरण गर्ने आश्वासन दिए ।

जेनजीले गरेको प्रदर्शनका क्रममा भदौ २४ गते व्यावसायिक प्रतिष्ठानहरूमा तोडफोड र आगजनी भएको थियो । कतिपय व्यावसायिक प्रतिष्ठान पूर्णरूपमा नष्ट भएका छन् । कतिपय उद्योगी व्यवसायीका निजी निवासलाई पनि प्रदर्शनकारीले निशाना बनाएका थिए ।

गभर्नर पौडेलले व्यवसायीहरूको चासोका विषयमा बैंकरहरूसँग छलफल गरेका छन् । उनले प्रतिकूल परिस्थितिमा बैंक तथा वित्तीय संस्थाबाट आन्दोलनको निशानामा परेका व्यवसायीलाई के कस्तो सहयोग गर्न सकिन्छ भनेर जिज्ञासा राखेका थिए ।

गभर्नरसँगको छलफलमा बैंक तथा वित्तीय संस्था सम्बद्ध एसोसिएसनका पदाधिकारी जवाफमा बैंकरहरूले तोडफोड र आगजनीमा परेका व्यवसायीलाई केही राहतका प्याकेज ल्याउनुपर्ने बताए । नेपाल वित्तीय संस्था संघका अध्यक्ष सुनिल पन्तले आन्दोलनका कारण कतिपय व्यवसायीले ठूलो क्षति व्यहोरेकाले उनीहरूका लागि राहतका प्याकेज चाहिने बताएको जानकारी दिए ।

'गभर्नरसाबले आन्दोलनको मारमा परेका उद्योगीलाई के कस्तो सहयोग दिन सकिन्छ भनेर चासो राख्नुभएको थियो । हामीले अप्ठेरोमा परेका व्यवसायी सहयोग नपाए उठ्न सक्दैनन् भन्यौं,' पन्तले भने, 'गभर्नरसाबले टास्कफोर्स बनाएर क्षतिबारे अध्ययन गरी सहुलियतको प्याकेज ल्याउने बताउनुभएको छ ।'

गभर्नर पौडेलले प्रतिकूल परिस्थितिमा बैंक तथा वित्तीय संस्थाबाट भइरहेको सेवा प्रवाहबारे चासो राख्दै डिजिटल बैंकिङ र भुक्तानी सेवालाई थप प्रभावकारी बनाउन आग्रह गरेका थिए । बैंकरहरूले दिउँसोको समयमा कर्फ्यू हटेकाले आइतबारबाट सबै शाखा सञ्चालनमा आउने बताएका थिए ।

छलफलमा नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइराला, डेभलपमेन्ट बैंकर्स एसोसिएसन अफ नेपालका अध्यक्ष सुयोग श्रेष्ठ, नेपाल वित्तीय संस्था संघका अध्यक्ष पन्त लगायत उपस्थिति थिए ।

# किङ सेवाहरू सहज रूपमा संचालनको वातावरण बनाउन सिबिफिनको माग

काठमाडौं- बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)ले बैंकिङ सेवाहरू सहज रूपमा संचालन गर्ने वातावरण बनाउन अनुरोध गरेको छ ।

सिबिफिनले विज्ञप्ति निकाल्दै जेनजीको आन्दोलनमा अकल्पनीय आक्रमण र क्षतिबाट विक्षिप्त बनेको निजी क्षेत्रलाई शान्ति र सुरक्षाको प्रत्याभूतिसहित मुलुकभित्रै लगानी गर्ने, पेशा, व्यवसाय एवं रोजगार गर्न पाउने उपयुक्त नीति एवं वातावरणको सिर्जना गर्न माग गरेको हो ।

सिबिफिनले भनेको छ, 'गलत मनसायसहित बैंक तथा वित्तीय संस्थामा क्षति पुऱ्याउने तत्वहरूसँग सजग हुँदै अर्थतन्त्रको आधारस्तम्भ र दिगो आर्थिक विकासको संवाहकको रूपमा रहेका सबल र जिम्मेवार बैंक तथा वित्तीय संस्थाहरूलाई आफ्ना बैंकिङ सेवाहरू सहजरूपमा संचालन गर्ने गराउने कार्यमा सहयोग गरिदिन समेत सिबिफिन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।'

## खेलकुद

# साफ यू-१७ च्याम्पियनसिप : श्रीलंकालाई हराएर नेपालको विजयी सुरुआत



काठमाडौं- नेपालले यू-१७ साफ च्याम्पियनसिपको उद्घाटन खेलमा सोमबार दस खेलाडीमा सीमित श्रीलंकालाई २-० ले हराएको छ ।

कोलम्बोको रेस कोर्स मैदानमा भएको खेलमा नेपालका लागि समीर कुमारले ५२ औं मिनेटमा पहिलो गोल गरे । दोस्रो हाफको इन्जुरी समयमा उनैले दोस्रो गोल थपे ।

प्रतिश थापा मगरको लामो क्रसलाई अनमार्क रहेका समीरले हेड गर्दै गोल गरेका हुन् । पहिलो हाफको अन्त्यतिर समीर नै दुई अवसरमा निश्चित गोलको अवसरबाट चुकेका थिए । श्रीलंकाले २७ औं मिनेटमा दोहोरो पहेँलो कार्डमा मोहम्मद इमाफलाई गुमाएको थियो ।

यो जितपछि नेपालको समूह 'ए' मा तीन अंक भएको छ र सेमिफाइनल प्रवेशको सम्भावना बलियो बनेको छ । पराजित श्रीलंका शून्य अंकमा रह्यो । अब समूहको अर्को खेलमा बिहीबार बंगलादेशको सामना गर्नेछ । समूहमा तीन टिम मात्रै रहेका छन् ।

# ड्युटीमा रहादा खेलाडीको पहिचानले थप बलियो बनायो

मेरो पुस्ता (जेन-जी) को यस आन्दोलनले देशमा आमूल परिवर्तन आउने आशा राखेको छु । अहिलेको परिस्थितिमा युवाहरूले देश, समाज र व्यक्तिगत भविष्यको निर्माणका लागि आ-आफ्नोतर्फ जिम्मेवारीहरू सुझबुझ तरिकाले निर्वाह गर्नुपर्ने हुन्छ ।

रोजगारका लागि विदेश यात्रा गर्नुपर्ने बाध्यता विस्तारै न्युनीकरण होस् भन्ने आशा छ । प्रविधि, पर्यटन,



खेलकुदजस्ता नवप्रवर्तन क्षेत्रमा सरकारको ध्यान जानुपर्छ ।

# कुलमानलाई फापेको भदौ ३०: २०७३ मा प्राधिकरणको कार्यकारी निर्देशक



काठमाडौं- २०७३ भदौ ३० मा तत्कालीन उर्जामन्त्री जनार्दन शर्माले ३० भदौ २०७३ मा कुलमान घिसिङलाई नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको जिम्मेवारी दिएका थिए ।

चिलिमे जलविद्युत् आयोजनाको प्रमुखका रूपमा काम गरिसकेका घिसिङलाई त्यसअघिकी ऊर्जा मन्त्री राधा ज्ञवालीले जिम्मेवारीविहीन बनाउँदै प्राधिकरणमा कार्यालयसमेत दिएकी थिइनन् । तर, माओवादी नेता शर्माले उनमा केही काबिलियत देखे र प्राधिकरणमा उनीभन्दा वरिष्ठ अधिकारीहरू हुँदाहुँदै प्रबन्ध निर्देशकको जिम्मेवारी सुम्पिए ।

कार्यकारी निर्देशकको जिम्मेवारी पाएलगत्तै उनले दैनिक १८ घण्टा लोडसेडिङको मार खेपिरहेका जनतालाई केही राहत दिए । त्यो वर्षको तिहारको दिन लोडसेडिङको अन्त्य गरेर वर्षौंदेखि अन्धकारमा तिहार मनाइरहेका जनतालाई उज्यालो दिए । त्यसपछिका दुई वर्षमा विस्तारै देशैभर लोडसेडिङ अन्त्य भएको घोषणा गर्ने स्थितिमा प्राधिकरण पुगेको थियो । भलै अनौपचारिक रूपमा विद्युत कटौती चाहिँ भइरहेको थियो ।

यसबीचमा घिसिङले पहिलो कार्यकाल पूरै र दोस्रो कार्यकाल लगभग पूरै प्राधिकरणमा बिताए । र, सरकारले गत चैतमा बर्खास्त गरेको पाँच महिनामै उनले प्रबन्ध निर्देशक हुँदाको तालुक मन्त्रालय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसहित तीन मन्त्रालयको मन्त्री हुने अवसर पाए ।

९ वर्षपछि फेरि उस्तै संयोग पर्‍यो: ३० भदौमै उनी मन्त्रीमा नियुक्त हुन पुगे । पदभार ग्रहण कार्यक्रममा भदौं ३० गते आफ्ना लागि स्मरणीय दिन भएको समेत उनले भन्न छुटाएनन् । मन्त्री घिसिङले भने,- 'तत्कालिन समयमा भदौं ३० मा प्राधिकरणको कार्यकारी निर्देशक बनेको थिए, आज भदौं ३० मन्त्रीको जिम्मेवारी पाएको छु ।'

आफ्नो आठवर्षे कार्यकालमा दोस्रोको तुलनामा उनको पहिलो कार्यकाल नै उल्लेखनीय रह्यो । त्यसबीचमा देशबाट लोडसेडिङ हटाउने मात्रै होइन, प्राधिकरणलाई नाफामा समेत ल्याएका थिए । तर, दोस्रो कार्यकालमा भने त्यस्तो देखाउन लायक उपलब्धि केही भएन । उनी विवादमा पर्न पुगेका थिए । सरकारसँगै लामो समय आमने-सामने गरेपछि तत्कालिन केपी शर्मा ओली नेतृत्वको सरकारले ११ चैत २०८१ मा कार्यकारी निर्देशकबाट बर्खास्त गरिदिएको थियो ।

डेडिकेटेड र ट्रंक लाइन विवादमा सरकारको निर्देशन अटेर गरेपछि उनी पदमुक्त हुन पुगेका थिए । प्राधिकरणमा सहसचिव स्तरको जागिरबाट बर्खास्तीमा परेको पाँच महिनापछि मन्त्रालयको नेतृत्व नै हाँक्न पुगेका घिसिङले पहिलो निर्णय नै प्राधिकरणको बक्यौता उठाउने भन्ने गरेका छन् ।

मन्त्रालयमा पदभार ग्रहणपछि उनले भदौ २३ र २४ गते जेनजी प्रदर्शनपछि उत्पन्न परिस्थितिबारे चर्चा गर्दै स्वदेश तथा विदेशमा रहेका उद्योगी तथा आम नागरिक सबैलाई सहयोगको लागि आह्वान गरे ।

'अहिले नेपाल आर्थिक संकटमा छ । राजनीतिक संकटमा पनि छ । यस्तो अवस्थामा सबैले सहयोग गर्नुपर्छ । उद्योगी साथीहरूले र आम नेपाली जनताले, देशभित्र रहेका र देशबाहिर रहेका सबै जनताले सहयोग गर्नुपर्छ । यो देश गम्भीर विषय हो,' मन्त्री घिसिङले भने, 'मैले भर्खरै डेडिकेटेड र ट्रंक लाइनको बक्यौता उठाउने निर्णयमा सही गरेर आएको छु । यो मैले बारम्बार भनिरहेको हो । र त्यही त्यसैलाई मुख्य आधार मानेर म विद्युत प्राधिकरणबाट बाहिरनुपर्ने अवस्था आयो । र यसलाई अब तत्कालै तिराउनुपर्छ ।'

अहिले देशका धेरै संरचनाको पुनर्निर्माण गर्नुपर्ने अवस्था रहेको र त्यसका लागि ठूलो स्रोतसमेत आवश्यक रहेको उनले बताए । ' उद्योगीहरूले देशका लागि केही योगदान गरेको छु भन्ने सम्झेर पनि सहयोग गर्नुपर्छ ।

# रवि जेलबाट हचुवामा निस्कादा रास्वपालाई क्षति



काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पार्टी स्थापनाको दिन (असार ७) बाट सुरू गरेको एक अभियानले आन्तरिक जीवनमा उभार नै ल्यायो । उक्त अभियानलाई 'रवि लामिछानेमाथि भएको राजनीतिक प्रतिशोध विरूद्ध जनाको हस्ताक्षर' भनिएको थियो ।

अभियानलाई प्रभावकारी बनाउन रास्वपाका नेता कार्यकर्ता, शुभेच्छुक स्वाभाविक रूपमा संलग्न भएन । अन्य दलका कतिपय नेता एवं प्रवुद्ध वर्गका केही व्यक्तिहरू रास्वपाको केन्द्रीय कार्यालय पुगेर रवि माथि सत्ताले प्रतिशोधपूर्ण व्यवहार गर्‍यो भन्दै हस्ताक्षर गरे । रास्वपाको दाबी अनुसार देशभित्र र बाहिरबाट झण्डै चालिस लाखले रविमाथि राजनीतिक प्रतिशोध भएको भन्दै हस्ताक्षर गरे ।

सहकारीको रकम अपचलन गरेको मुद्धामा अदालतको आदेशमा रवि कारागार पुगेका थिए । सहकारीसँग कुनै साइनो नै नभएको तर तत्कालीन सरकारले रविविरूद्ध प्रतिशोध साँधेको भन्दै रास्वपाले यो मुद्दा चर्काइरह्यो ।

केन्द्र, प्रदेश, जिल्ला हुँदै तल्लो तहसम्म हस्ताक्षर अभियान सञ्चालन हुँदा रास्वपामा उभार आयो । नेता कार्यकर्ता उर्जा थपियो भने मनोबल बढ्यो । यो अभियानलाई रास्वपा संगठन निर्माणको बलियो माध्यम समेत बनायो ।

सभापति माथि प्रतिशोध भएको भन्दै गरिएको हस्ताक्षर अभियानले रास्वपा पार्टीको प्रचार पनि तल्लो तहसम्म पुगेको थियो । संगठन विस्तारले तीव्रता पाएको थियो । नेपाली कांग्रेस र नेकपा एमाले सम्मिलित सरकारले नियोजित रूपमा जेल पठाउन भूमिका खेलको भन्दै मुद्धालाई रास्वपाले 'जबरजस्त स्थापित' गरिदियो । भौतिक र अनलाइन प्रणालीबाट हस्ताक्षर संकलन जेनजीको आन्दोलनसम्म निरन्तर रह्यो ।

गत सोमबार देशव्यापी फैलिएको जेन-जी आन्दोलनको दोस्रो दिन एउटा समूह नख्खु कारागार आक्राणमा उत्रियो । रविलाई छुटाउन पर्छ भन्दै कारागार पुग्नेहरूमा रास्वपाका नेता, कार्यकर्ता, शुभेच्छुक थिए । प्रदर्शनकारीहरूको एक समूहले ललितपुर नख्खुस्थित कारागारमा समेत आक्रमण गर्‍यो । कतिपयले सामाजिक सञ्जालमा तत्कालीन 'गृहमन्त्री रमेश लेखकले राजीनामा दिएकाले जेलमा रहेका असली गृहमन्त्रीलाई सिंहदरबार पुर्‍याउने' भन्दै स्थितीलाई भड्काउन खोजे ।

प्रदर्शनकारीको हुल कारागार पुगेर तोडफोडमा उत्रेपछि प्रशासनले एउटा कागज गरेर रविलाई छोडिदियो । उनलाई स्वागत गर्न कार्यवाहक सभापति डीपी अर्याल कारागार पुगेका थिए । विधि पुर्‍याएर आफू कारागारबाट बाहिरिएको दाबी गर्दै रविले एक पत्र सार्वजनिक गरेका थिए । पत्रमा रवि लामिछानेमाथिको राजनीतिक मुद्दामा गृहसचिवको निर्देशन भन्दै उनलाई रिहा गरिएको व्यहोरा उल्लेख थियो ।

मिति केरमेट गरिएको, बोधार्थमा अर्कै व्यक्तिको नाम रहेको पत्र आफैमा शंकास्पद थियो । त्यसमाथि अदालतको आदेशबाट थुनिएका व्यक्तिलाई राजनीतिक मुद्दा लेखिएको थियो भने गृहसचिवले रिहा गर्न आदेश दिएको व्यहोरा आफैंमा अस्वभाविक थियो । तर लामिछानेले आफू रिहा भएपछि सार्वजनिक गरेको पत्रले थप विवादमा परे ।

रवि रिहा भएपछि आफूहरू पनि थुनामुक्त हुन पाउनुपर्ने माग राख्दै देशभरका कारागारहरूमा प्रदर्शन भयो । करिब १३ हजार कैदीबन्दीहरू थुनामुक्त भएकोमा दुई हजार जना मात्रै अहिलेसम्म कारागार फर्किएका छन् । कारागारको प्रदर्शनका कारण १० जनाको अनाहकमा ज्यान गयो ।

लामिछानेले देखाएको गलत बाटोका कारण संगीन अपराधमा संलग्नहरू पनि थुनामुक्त भएको भन्दै सार्वजनिक आलोचना भएको थियो । केही दिनपछि नै कारागार प्रशासनले 'हाम्रो औपचारिक पत्र र आदेशबाट कोही पनि व्यक्ति थुनामुक्त नभएको' भन्दै बाहिर निस्किएका सबै कैदीबन्दीहरूलाई फर्कन सूचना निकालेको थियो ।

फरार भएका सबै कैदी बन्दीलाई आत्मसमर्पण गर्न र सम्पर्कमा कारागार प्रशासनले गर्‍यो । तत्काल जेलमा नफर्किए भविष्यमा प्राप्त हुने कानूनी अधिकार, सुविधा र सामाजिक पुनःस्थापना प्रक्रियामा असर पर्ने चेतावनी दिएको थियो ।

कारागारबाट कैदीबन्दी छुटेको घटनामा रास्वपा मौन थियो, कतिपय नेताले भने रविको बचाउ गरिरहेका थिए । कारागारबाट निस्केपछि भिडियो सन्देश दिँदै स्वयं रविले र कार्यवाहक सभापति डीपी अर्यालले बर्हिगमनको बचाउ गरे ।

चौतर्फी आलोचना भइरहेका बेला नख्खु कारागारले जेलबाट निस्किएका कैदीबन्दीलाई फर्किन आग्रह गरेपछि शनिवार साँझ लामिछाने कारागारमा फर्किएका हुन् । रास्वपा स्रोतका अनुसार, नेता सुमना श्रेष्ठले केही दिनअघिको भर्चुअल मिटिङमा पार्टीको नेता मुलुकमा हुलदंगा मच्चिएको बेला कारागारबाट निस्कनु उचित नभएको भन्दै त्यसमा संलग्न अरू नेताहरूको पनि आलोचना गरेकी थिइन् ।

रास्वपाको आन्तरिक जीवनमा उनी कारागाबार बर्हिगमनले क्षति पुगेको बुझाई पार्टीमा छ । पार्टी नेता कार्यकर्ता उनको व्यवहारलाई लिएर चिन्ता समेत प्रकट हुन थालेको छ । रविको कदमबाट असन्तुष्ट बढ्दै गएपछि नेता कार्यकर्ताले पार्टी परित्याग गर्न लागेका छन् । नेता एवं पूर्व शिक्षामन्त्री सुमना श्रेष्ठले रविको व्यवहारप्रति असन्तुष्टि जनाउँदै पार्टी त्याग गरिन् ।

पार्टी परित्याग गर्नमा सभापति रवि लक्षित सुमनाको भनाई छ,'कहिलै गल्ती नस्वीकार्ने । गल्तीमाथि गल्ती गरिरहने र त्यसको बोझ पार्टीका सबैले बोकिदिनु पर्ने । पार्टीभित्र आलोचना गर्नेहरूका विरूद्धमा मिडिया ट्रायल गर्ने ।' यो प्रवृत्ति विरूद्धमा बोल्दै आएपनि फरक नपरेपछि पार्टी परित्याग गरेको उनको भनाई छ ।

विवेकशील साझा हुँदै रास्वपामा आएका प्रविण काफ्लेले पनि पार्टी त्यागेका छन् । रास्वपामा गुटबन्दी, नेतृत्वका गलत कार्यशैली विरूद्ध निरन्तर आवाज उठाएपनि सुनुवाई नभएपछि पार्टी छोडेको उनले बताएका छन् । ' विवेकशीलबाटै एकै समयमा आएका र नेता तथा मन्त्री बनेकाहरूको दोहोरो चरित्रले आजित बनेँ । आज उनीहरू पनि पार्टी भित्र एक किसिमको 'दास' बनेका छन् तर उज्ज्वल थापाको नाम छोडदैनन्,' काफ्ले भन्छन् । नेतृत्वलाई परिवर्तन गर्न र सच्याउन नसकेको कारण देखाउँदै उनले पार्टी छोडेका छन् ।

सभापति रवि कारागारबाट निस्केको घटनाका विषयमा पार्टीको आन्तरिक बैठकमा समेत प्रश्न उठेको छ । आइतबार भर्चुअल माध्यमबाट बसेको बैठकमा केन्द्रदेखि तल्लो तहसम्मका नेताले रविलाई कारागारबाट छुटाउन नेताहरू लागेको भन्दै असन्तुष्टि व्यक्त भएको थियो । केन्द्रीय सदस्य, प्रदेश सदस्य र जिल्ला पदाधिकारीको हिजो भर्चुअल बैठक बसेको थियो । उक्त बैठकमा सहभागी एक नेताले भने,'सभापतिलाई निकाल्न कार्यवाहक सभापति सहित उहाँको सचिवालय सक्रिय भएको हुँदा उनीहरूले नै जिम्मेवारी लिनुपर्ने कुरा उठ्यो ।'

उनका अनुसार रवि निस्कँदा अन्य बन्दीहरू पनि फरार हुन सहयोग पुगेको, कारागारमा तोडफोड र आगजनी हुने अवस्था उत्पन्न भएको भन्दै पार्टीभित्र असन्तुष्टि छ । उनी थप्छन्, 'यो घटनाले हाम्रो नैतिक धरातल कमजोर हुन पुगेको छ । अदालतको आदेशमा थुनामा पुगेको व्यक्ति फर्जी कागजातले निस्किएको भन्दै हामी माथि चौतर्फी आक्रमण छ ।'

हिजोको बैठकमा कोशीका कार्यवाहक सभापति सरिन तामाङले पार्टीमा दल ' व्यक्ति केन्द्रित हुने वा सिद्धान्त केन्द्रित हुने ?' भन्दै नेतृत्वको ध्यानाकर्षण गराएका थिए । प्रवक्ता मनिष झाका अनुसार सभापति रविको कागागारबाट बर्हिगमन र फिर्ताले पार्टीभित्र क्षति पुगेको छैन । झा भन्छन्,'सभापतिले पनि कानुन मान्नुपर्छ तपाईं फर्किनुस् । नागरिकले जुन किसिमले नयाँ पार्टीलाई सोचिरहेका छन् । तपाईंबाट यस्तो अपेक्षा राख्दैनौं भन्दा कसरी रास्वपालाई क्षति हुन्छ र ?

कारागारमा बस्ने अवस्थै नभएपछि सुरक्षाका कारण निस्कनु बाहेक अन्य विकल्प नभएको झाको निष्कर्ष छ । 'रविलाई निकाल्नुपर्दछ नख्खु जाऔं' भनि सामाजिक सञ्जालमा उक्साउनेहरू रास्वपामा आवद्ध नभएका व्यक्तिहरूको रहेको उनले बताए ।

# विद्यालय समय र पोशाकमा टिकटक नबनाउन शिक्षक तथा कर्मचारीलाई निर्देशन

काठमाडौं- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षक तथा कर्मचारीहरूलाई विद्यालय समय र तोकिएको पोशाकमा टिकटक बनाएर सामाजिक सञ्जालमा पोस्ट नगर्न निर्देशन दिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेलो सरकारमा विद्यालयका शिक्षक तथा कर्मचारीले कार्यालय समयमा तोकिएको पोशाकमा टिकटक भिडियो लगायत बाल मनोविज्ञानमा प्रत्यक्ष असर पुग्ने खालको सामग्री बनाई पोस्ट गर्ने गुनासो प्राप्त भएको मन्त्रालयले जनाएको छ । सोही गुनासोको आधारमा मन्त्रालयले विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीलाई तोकिएको पोशाकमा टिकटक भिडियो बनाएर सामाजिक सञ्जालनमा पोस्ट नगर्न भनेको हो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ८,
२०८२ साल भदौ ३१ गते मंगलबार
16 SEPTEMBER 2025, TUESDAY

# आलोचनापछि भाग्य न्यौपानेले सामाजिक सञ्जालबाट हटाए भ्रामक र उत्तेजक सूचना

काठमाडौं- जेनजी प्रदर्शनका क्रममा भ्रामक तथा उत्तेजक सूचना फैलाएको भनी चर्को आलोचना हुन थालेपछि युट्युबर भाग्य न्यौपानेले ती सबै भिडिओ सामाजिक सञ्जालबाट हटाएका छन् ।

२३ र २४ भदौमा राजधानीसहित देशका विभिन्न स्थानमा भएको प्रदर्शनका विषयमा उनले आफ्ना फेसबुक पेज र टिकटक ह्यान्डलमा थुप्रै भ्रामक भिडिओ पोस्ट गरेका थिए ।

न्यौपानेमाथि प्रदर्शनका क्रममा विभिन्न मिथ्या सूचना फैलाएर भीडलाई उत्तेजित बनाएको आरोप लागेको छ । संसद् भवनभित्र ३२ जनाको शव भेटिएको, जेल तोडेर रवि लामिछानेलाई निकाल्नुपर्ने जस्ता भ्रामक र उत्तेजना भनाइसहितको भिडियो उनले पोस्ट गरेका थिए ।

यति मात्र नभई उनले झापामा ४० केजी, ८० केजी हुँदै दुई बोरा सुन र चाँदी भेटिएको जस्ता आधारहीन सूचना राख्दै भिडिओ बनाएका थिए । त्यसैगरी काठमाडौंको हिल्टन



होटेल र दमकको भ्यु टावरमा आगलागी हुँदा खुसियाली मनाउँदै भिडिओ बनाएको भन्दै उनको आलोचना भएको थियो ।

सामाजिक सञ्जालमा चर्को आलोचना र विवाद बढेपछि न्यौपानेले आफ्ना भिडिओ हटाएका हुन् । उनले आफ्नो बचाउमा 'स्थानीय सञ्चारमाध्यममा आएका समाचारका आधारमा बोलेको' भनी स्पष्टीकरण दिएका छन् । तर, भिडिओमा उनले कुनै सञ्चारमाध्यमलाई स्रोतका रूपमा उल्लेख गरेका थिएनन्, बरु आफैँले देखेको जसरी घटनाको विवरण प्रस्तुत गरेका थिए ।

# सुशीला कार्कीको राजीनामा माग्दै सुदन गुरूङको समूहद्वारा बालुवाटारमा नाराबाजी

काठमाडौं- प्रधानमन्त्री सुशीला कार्कीको राजीनामा माग्दै सुदन गुरूङको समूहले प्रधानमन्त्री निवास बालुवाटार अगाडि नाराबाजी गरेको छ । मन्त्री छनोटप्रति असन्तुष्टि जनाउँदै युवाहरूले मध्यराति बालुवाटार पुगेर नाराबाजी गरेका हुन् ।

नाराबाजीको क्रममा उनीहरूले प्रधानमन्त्री सुशीला कार्कीको राजीनामा समेत मागे । जेनजी आन्दोलनको क्रममा मृत्यु भएकाका परिवारका सदस्य समेतले सुदन गुरूङको उपस्थितिमा 'प्रधानमन्त्री राजीनामा दे', 'मुर्दामाथि राजनीति नगर' लगायतका नारा लगाएका थिए ।

बालुवाटारस्थित प्रधानमन्त्री निवासको तीन नम्बर गेट अगाडि सुदन गुरूङले भनेका छन्, 'सबसे



पावरफुल नेपाली जनता हो । कसैले हामीलाई रोक्न सक्दैन । जुन ठाउँमा लगेर हामीले राखेका छौं, त्यो ठाउँबाट थुतेर निकालिदिन्छु ।'

सुदन नेतृत्वको 'हामी नेपाल' समूहका युवाहरूकै प्रस्तावमा सुशीला कार्की गत शुक्रबार प्रधानमन्त्री नियुक्त भएकी थिइन् । शितल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रधानमन्त्री कार्कीले सपथ ग्रहण गरेपछि सुदनले कार्कीको खुट्टा ढोगेका थिए ।

कार्कीले आइतबार तीन मन्त्री नियुक्त गरेको समाचार सार्वजनिक भइरहेका छन् । प्रधानमन्त्री कार्कीले काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहका कानुनी सल्लाहकार ओम प्रकाश अर्याललाई गृह मन्त्री, पूर्वअर्थसचिव रामेश्वर खनाललाई अर्थ मन्त्री र विद्युत प्राधिकरणका पूर्व कार्यकारी प्रमुख कुलमान घिसिङलाई ऊर्जा मन्त्रीमा नियुक्त गरेको समाचार सार्वजनिक भएको छ ।

तर सुदनको समूह आफूहरूसँग सल्लाह नगरी मन्त्री नियुक्त गरिएको भन्दै असन्तुष्ट छ । सुदन गुरूङले ओमप्रकाश अर्यालको नाम लिएर आक्रोश पोखेका छन् । 'यो ओमप्रकाश लयर आफैंले गृहमन्त्री बनाउँदो रहेछ त्यहाँ भित्र बसेर,' उनले आक्रोशमा भनेका छन् । सुदनका समर्थकहरूहरूले आफूहरूको आन्दोलन हाइज्याक भएको भन्दै आक्रोशित भएका थिए । युवाहरू नाराबाजीमा उत्रिएपछि प्रधानमन्त्री निवास अगाडि सुरक्षाकर्मीको तैनाथी बढाइएको थियो ।

**जेन्जी आन्दोल...**

नेपालमा यस्तै परिवर्तनको नाममा जनताको आक्रोशलाई प्रयोग गरेर नेपालका उद्योग कलकारखाना नीजि करण गरेर सकेका थिए । पछि माओवादी आन्दोलनमा बाँकी रहेका गलैचा कारखाना, पश्मिना, माओवदीलाई चन्दा दिन नसक्दा बन्दा गराएका थिए ।

एकपछि अर्को गर्दै नेपालका उद्योग कलकारखाना सक्दै नेपालको अर्थतन्त्र कमजोर बनाउदै लैजान जानेर या नजानेर नेपालीहरु आन्दोलनको नाममा अराजकता मच्चाउदै आफ्नै देशको अर्थतन्त्र विगादै गईराखेको र गणतन्त्र स्थापना पछि केही विकासका कुराहरुमा फड्को मार्न स्थानीय तहहरुमा हुन थालेका विकासका योजनाहरु लागु हुदै गएको र सम्भावित विकासहरु शुरुवात हुन लागेका वेलामा देशको भौतिक संरचना ध्वस्त बनाएर नेपाललाई बाँकी रहेको रसचना पनि सकाउने प्रपञ्चमा देशी विदेशी अप्रत्यक्ष खेल खेलेर नेपालनै सकाउन गरिएको खेल शिवाय अरु केही देखिएन ।

जव नेपाली सेनाले नियन्त्रणमा लिई देशका जेन्जी पुस्तालाई वार्ताका लागि आवाहन गरियो त्यतिवेला जेन्जीका आयोजक सवल गौतम र पुरुषोत्तम यादव त्यस वार्ता टोलीमा थिएनन् । यस घटनावाट के अर्थ लगाउन सकिन्छ भने जनताले शुसाशन चाहेको हो । तर घुसपैठ गरी यहि मौकामा अनेक खालका षयन्त्रकारीहरुले देशलाई नोक्शान पुऱ्याए ।

सुरक्षा अड्गहरुमाथि प्रश्न ?

नेपालमा आरबि अर्थात राष्ट्रिय अनुसन्धान बिभाग भन्ने निकाय छ । यसको काम नेपालमा हुने बाहिय वा आन्तारिक जटिल खालका सम्भावित हमलाहरु, योजनाहरुको जानकारी लिएर समयमा नै सुरक्षालाई मजबुद बनाउने तर देशमा यस्ता पलानबद्ध तरिकाले नेपालका उच्च पदस्थ तथा उद्योग, कलकारखाना, सवै ठाउँमा आक्रमण हुने योजना बन्दा समेत आरबिले किन थाहा पाएन ? कि आरबि पनि यसै घटनामा सामेले भएको हो ? नेपालका डेप्लोमेशीहरुले यतिवेला प्रश्न उठाउन थालेका छन् ।

बाहिर यतिवेला यो अराजकतामा माओवादी, राप्रपा, रास्वपा, राजावादीलाई आरोप लगाउने गरेका छन् । कतिपय व्याक्ति विशेष त्यस अराजक गतिविधिमा संलग्न भएको देखिएपनि पार्टीगत धारणा र त्यस्तो राष्ट्रको सम्पति वा व्याक्तिगत दोषय राखेर कुनै काम नगरेको सार्वजनिक गरिसकेका छन् । त्यसकारण नेपालीहरु सरकार विरुद्ध आक्रोश कतिखेर बढ्छ र त्यही समयमा यस्ता देशै खरानी बनाउने दाउ कुरेर बसेका पार्टीहरुमा आबद्ध तर अन्तै कतैवाट परिचालित मानिसहरुले नेपाललाई खरानीमा परिणत गराएका हुन सक्छन् । यसमा आवेगमा होइन आउदा दिनमा यस्ता घटना हुन नदिन र यसै घटनाको पनि गहन अध्ययन गर्न सवै सयन्त्र परिचालन गरेर नेपाली जनतालाई प्रष्ट पार्नुपर्दछ ।

**संविधान रक्षा...**

दिवसकै दिनदेखि संकल्पसहित पुनर्गठन अभियान सुरु गरौं' उनलेले भनेका छन्, 'जेन-जी आन्दोलनले उठाएको भ्रष्टाचारमुक्त राज्य र समाजको नेतृत्व गर्ने पार्टी बनाउने गरी पार्टीको सदस्यता, संगठन संरचना, नेतृत्वचयन प्रक्रियादेखि हाम्रा मुद्दा र शैली सबैमा आमूल सुधार जरूरी छ ।'

पार्टी पुनर्गठनका क्रममा आफू महामन्त्री पद त्याग्न समेत तयार रहेको घोषणा गरेका छन् । 'यसको लागि म सहर्ष महामन्त्री पद छोड्न तयार छु । यसमा छलफल शुरू गरौं । स्वीकार गरौं- गल्ती भएको छ अनि आत्मसमीक्षा, आत्ममुल्याङ्कन र आत्मसंकल्प गरौं', उनले लेखेका छन् ।

## अन्तराष्ट्रिय

# भारतमा गाडी दुर्घटना हुदा ४ नेपालीको मृत्यु, २ जना घाइते

काठमाडौं- भारतको हिमाञ्जल प्रदेश, सिमला जिल्लाको कोटखाई नजिक गाडी दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ । दुई जना घाइते भएका छन् ।

मृत्यु हुनेमा सल्यानको कुमाख गाउँपालिका ४ का वर्षीय डिल्लीबहादुर शाही, ३६ वर्षीय एकेन्द्र शाही, २६ वर्षीय लक्ष्मी मल्ल शाही र ३३ वर्षीय राजेश विष्ट रहेका छन् । दुर्घटनामा नवराज शाही र हिमबहादुर शाही घाइते भएका छन् । तीन जना मृतक एकै परिवारका हुन् ।

प्रारम्भिक अनुसन्धान अनुसार चालकले नियन्त्रण गुमाउँदा पिकअप जिप भीरमा खसेको थियो । लक्ष्मी घाइते अवस्थामा अस्पताल पुऱ्याइएकी थिइन् तर उपचारका क्रममा उनको पनि मृत्यु भएको थियो । गम्भीर घाइते भएका अर्का यात्रु डिल्लीबहादुरलाई इन्दिरा गान्धी मेडिकल कलेज अस्पताल पठाइएको थियो तर उपचारकै क्रममा उनको पनि मृत्यु भएको थियो ।

घाइते भएका दुई जनालाई उपचारपछि कोटखाई स्वास्थ्य केन्द्रबाट डिस्चार्ज गरिएको छ । भारतीय पत्रिका द हिन्दुस्तान टाइम्सका अनुसार घटनापछि भारतीय दण्ड संहिता ९भारतीय न्याय संहिता० को धारा १०६ अन्तर्गत लापरबाहीका कारण मृत्यु हुने कसुरमा मुद्दा दर्ता गरेर थप अनुसन्धान भइरहेको डीएसपी सिद्धार्थ शर्माले बताएका छन् । शवलाई पोस्टमार्टमका लागि पठाइएको छ र मृतकका परिवारलाई खबर गरिएको प्रहरीले जनाएको छ ।

यसबीच, मुख्यमन्त्री सुखविन्दर सिंह सुखुले एक विज्ञप्ति जारी गर्दै घटनाप्रति दुख्ख व्यक्त गरेका छन् । उनले शोकसन्तप्त परिवारसँग सरकार सधैं रहने र आवश्यक सहयोग उपलब्ध गराइने आश्वासन दिएका छन् । त्यस्तै, शिक्षा मन्त्री तथा कोटखाई क्षेत्रका सांसद रोहित ठाकुरले पनि दुर्घटनाप्रति दुस्ख व्यक्त गर्दै पीडित परिवारप्रति समवेदना प्रकट गरेका छन् । उनले घाइतेहरुको स्वास्थ्यलाभको कामना समेत गरेका छन् ।

# सुमना श्रेष्ठले छोडिन् रास्वपा

काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की नेता एवं पूर्वशिक्षामन्त्री सुमना श्रेष्ठले पार्टी छोडेकी छन् ।

रास्वपा छोडेको जानकारी दिँदै उनले भनिन् ,'अब खुला रूपमा आक्रमण गर्ने हो भने पनि सजिलो बनाइदिएको छु । मनलाग्दी चलुन्जेल मनलाग्दी गर्नुहोला । मैले पार्टी छाडें ।'

पार्टी केन्द्रीय समितिलाई जानकारी गराउँदै उनले पार्टी नेतृत्वले गल्तीमाथि गल्ती गर्न तर कहिल्यै गल्ती स्वीकार नगर्ने गरेको बताएकी छिन् ।

उनले आफूलाई यस्ता गतिविधि स्वीकार्य नभएकोले पार्टी छोडेको पनि बताएकी छिन् । 'गल्तीमाथि गल्ती गरिरहने र त्यसको बोझ पार्टीका सबैले बोकिदिनु पर्ने ?,' उनले भनेकी छन् , 'पार्टीभित्र आलोचना गर्नेहरूका विरूद्धमा मिडिया ट्रायल गर्ने ?'



पार्टीभित्र आलोचना गर्नेविरूद्ध मिडिया ट्रायल गरेर दुःख दिने र सबैभन्दा माथि नेतालाई राख्ने गरिएको उनको भनाइ छ । 'जहिलेदेखि राष्ट्रिय स्वतन्त्र पार्टीले देशभन्दा माथि पार्टी र पार्टीभन्दा माथि नेतालाई राख्न थालेको हो, त्यति बेलादेखि नै आलोचना गर्दै आएको हुँ', उनले भनेकी छन् ।

सुमना यसअघि रास्वपाको सह-महामन्त्रीबाट राजीनामा दिएकी थिइन् । तर, सांसद भएकोले पार्टीको काम गर्न समय नहुने भन्दै राजीनामा दिएको बताएकी थिइन् । समानुपातिकबाट सांसद बनेकी उनी प्रचण्ड प्रधानमन्त्री हुँदा शिक्षामन्त्री पनि भएकी थिइन् ।

सुशीला कार्की नेतृत्वको क्याबिनेटमा उनी मन्त्री बन्ने हल्ला पार्टीभित्रैबाट चलेपछि उनले आफू त्यस दौडमा नरहेको बताएकी छिन् । जेनजी विद्रोहीसँग निरन्तर सम्पर्कमा रहेकी सुमना प्रधानमन्त्री कार्कीको शपथग्रहणमा सामेल पनि भएकी थिइन् ।

# जेनजी आन्दोलनमा मृत्यु हुनेको संख्या ७२ पुग्यो



काठमाडौं- जेनजी आन्दोलनको क्रममा मृत्यु हुनेको संख्या ७२ पुगेको छ ।

प्रधानमन्त्री सुशीला कार्कीको पदभार ग्रहण कार्यक्रममा मुख्य सचिव एकनारायण अर्यालले सो जानकारी दिएका हुन् ।

आन्दोलनमा प्रदर्शनकारी ५९ जना, कैदीबन्दी १० जना र सुरक्षाकर्मी ३ जना गरी ७२ जनाको ज्यान गएको मुख्य सचिव अर्यालले बताए । उनका अनुसार १३४ जना प्रदर्शनकारी र ५७ जना प्रहरी घाइते भएका छन् ।

भ्रष्टाचार र सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धविरूद्ध भदौ २३ गते युवाहरू आन्दोलनमा उत्रिएका बेला प्रहरीसँग झडप भएको थियो । त्यसक्रममा विभिन्न ठाउँमा आगजनी हुँदा पनि विभिन्न व्यक्तिहरूको मृत्यु भएको छ । मृतक सबैको सनाखत हुन सकेको छैन । जलेका ठाउँहरू सफा गर्ने क्रममा शव भेटिने क्रम जारी छ । आज बिहान मात्रै चाबहिल चुच्चेपाटीको भाटभटेनीमा ६ जनाको शव भेटिएको छ ।

# अमेरिकामा रहेका महेन्द्र खड्काको अभिनयमा "चालिस कटेसी" सार्वजनिक

काठमाडौं- अमेरिकामा बसेर व्यवसायमा सफलता हासिल गरिरहेका महेन्द्र खड्का अब नेपाली सांगीतिक क्षेत्रमा पनि सक्रिय हुँदै आएका छन् । हालै सार्वजनिक गरिएको "चालिस कटेसी" बोलको गीतमार्फत उनले आफ्नो पहिलो अभिनय यात्रा सुरु गरेका छन् ।

उक्त गीत एसएन युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो । गीत सार्वजनिक भएसँगै छोटो समयमै दर्शक-श्रोताको राम्रो प्रतिक्रिया पाइरहेको छ । गीतको अडियो र भिडियो दुवै पक्ष सशक्त भएकाले गीतले भावना र प्रस्तुतीमा गहिरो प्रभाव पार्न सफल भएको देखिन्छ ।

महेन्द्र खड्का विगत लामो समयदेखि अमेरिकामा व्यवसायमा संलग्न छन् । व्यवसायिक व्यस्तता हुँदाहुँदै पनि उनी नेपाली कला, संगीत र संस्कृतिप्रतिको माया बिर्सन सक्दैनन् । उनी आफू जहाँ भए पनि नेपाली भाषा, संस्कृति र मौलिकपनको संरक्षण र प्रवर्द्धनमा सक्रिय रहँदै आएका छन् ।

उनले यसअघि कुनै म्युजिक भिडियोमा अभिनय गरेका थिएनन्, तर "चालिस



कटेसी" गीतमार्फत पहिलो पटक अभिनयमा पाइला टेकेका छन् । पहिलो अभिनयमै देखिएको उनको स्वाभाविक हाउभाउ, जीवन्तता र आत्मीयता दर्शकका लागि अत्यन्तै मन छुने खालको बनेको छ ।


यो गीतमा विशेष गरी घरमा भएको अभावलाई केहिहद सम्म भएपनि टार्नको लागि आफ्नो देश छोडी बिदेशीएका युवाहरू जिम्मेवारीको भूमरीमा परी उर्जाशिल समय बितेको पत्तै नपाएको कुरालाइ बढो मार्मिक ढंगले प्रस्तुत गरेको पाइन्छ ।

गीतमा सबिन खड्का र आसा बि.सीको आवाज रहेको छ, जसले गीतलाई भावनात्मक उचाइ दिएको छ । संगीत मोतिराज खनालको रहेको छ भने हेमराज डाँगीले संगीत संयोजन, मिक्सिङ र मास्टरिङ गरेका छन् । गीतको शब्द गायक सबिन खड्काकै रहेको छ । जसले जीवन यथार्थलाई सरल र सजीव शब्दमा उतार्ने प्रयास गरेका छन् ।

गीतको निर्देशन सुरज खनालले गरेका छन् भने सिनेम्याटोग्राफी शिव बिक्को छ । भिडियो सम्पादन र रङ संयोजनमा बिनोद बमको योगदान उल्लेखनीय छ ।

महेन्द्र खड्कासँगै कमल जिसी, हरि आचार्य, रिना गुरुङ र यशु भट्टराईको अभिनयले पनि भिडियोमा आकर्षण थपेको छ । कोरियोग्राफी सुमित्रा संजिलाले सम्हालेकी छन्, जसले गीतको दृश्यात्मकता अझ प्रभावशाली बनाएकी छन् ।

# ६ दिनपछि खुले हलहरू, 'रिमै' सहितका फिल्म प्रदर्शन




काठमाडौं- जेनजी आन्दोलनले उग्र रुप लिएपछि भदौ २४ गते (मंगलबार)देखि बन्द रहेका देशभरका हलहरू पुनः सञ्चालनमा आएका छन् । हलवाला र वितरकहरूको छाता संस्था नेपाल चलचित्र संघको आइतबार बसेको बैठकले आवश्यक सुरक्षा सतर्कता अपनाएर हल खोल्ने निर्णय गरेपछि सोमबारदेखि हलहरू सुचारु भएका हुन् ।

हल खुलेसँगै 'रिमै', 'कोशेढुंगा', 'माग्ने राजा', 'जनै हराएको मान्छे', 'मोहर', 'गुन्यो चोलो', 'बागी ४', 'परम सुन्दरी' र 'द कोन्जूरिङ : लास्ट राइट्स'को प्रदर्शनलाई निरन्तरता दिइएको छ । जेनजी आन्दोलनपछि हलहरू बन्द हुँदा सबैभन्दा बढी मार 'रिमै'लाई परेको थियो । किनकि, यो फिल्म रिलिज भएको तीन दिन मात्र भएको थियो । नेपालमा १६५ वटा हल रहेकोमा सोमबारबाट विराटनगरको क्यूएफएक्स हलबाहेक अरू सञ्चालनमा आएको संघले जनाएको छ । विराटनगरको क्यूएफएक्स हल आन्दोलनको क्रममा जलेर पूर्ण रूपमा ध्वस्त भएको छ, जुन १५ करोडको लागतमा बनेको थियो । योसहित अन्य चारवटा हलमा पनि आगजनी र तोडफोड हुँदा १७ करोडको क्षति भएको जनाइएको छ ।

६ दिनपछि सञ्चालनमा आएका हलमा नयाँ फिल्म भने फूलपातीमा मात्रै रिलिज हुनेछन् । असोज ३ गते प्रदर्शन हुने भनिएको 'जारी २' पोस्टपोन्ड भएकाले उक्त मिति खाली भएको छ । फूलपातीमा भने 'बलिदान', 'हरिबहादुरको जुत्ता', 'माइतीघर' र 'अभिमन्यु' गरी चार फिल्म प्रदर्शनमा आउँदैछन् । र, विजयादशमीको दिन भारतीय फिल्म 'कान्तारा २' रिलिज हुनेछ ।

# फूलपातीमा थपियो 'अभिमन्यु', हिन्दी भर्सन असोज १६ मा



7SEAS CINEMA
23, Laitpur Dhapakhel
7seascinema@gmail.com
7seascinema.com

मिति: २०८२/०५/३०

प्रेस बिज्ञप्ती

हालै देशमा भएको परिवर्तनकारी Gen-Z आन्दोलनका क्रममा ज्यान गुमाउन बाध्य हुनुभएका निर्दोष व्यक्तिहरूप्रति हामी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। शोकसन्तप्त परिवारजनप्रति हार्दिक संवेदना प्रकट गर्दै घाइते सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।

चलचित्र **"अभिमन्यु- Chapter 1"** लाई भदौ २७ गते प्रदर्शनमा ल्याउने पूर्वनिर्धारित मिति तय गरिएको भए पनि देशको विषम परिस्थितिलाई मध्यनजर गर्दै हामीले प्रदर्शन स्थगित गरेका थियौं। तर अहिले देशमा भएको आमुल परिवर्तनलाई सकारात्मक दृष्टिले लिएर हाम्रो चलचित्र उद्योगलाई निरन्तर चलायमान र गतिशील बनाउने उद्देश्यका साथ हामीले नयाँ प्रदर्शन मिति घोषणा गरेका छौं।

**नेपाली भाषामा – असोज १३ गते (फुलपातीको दिन) देखि देशभर तथा विश्वव्यापी रूपमा, साथै**
**हिन्दी भाषामा – असोज १६ गते (विजयादशमीको दिन) देखि देखि देशभर तथा विश्वव्यापी रूपमा एकैसाथ प्रदर्शन हुनेछ।**

हामी विश्वास गर्दछौं कि यस पटक पनि तपाईंहरूको माया, समर्थन र प्रोत्साहन यथावत रहनेछ। तपाईंहरूको धैर्य र समझदारीका लागि हामी हार्दिक आभारी छौं।

विनोद पौडेल
अध्यक्ष, सेभेन सिज सिनेमा प्रा. लि.





काठमाडौं- यसपालिको दशैंको फूतपाती (असोज १३ गते) आउन अब दुई साता मात्र बाँकी छ । तर, यो मितिमा फिल्म रिलिज गर्न अझै हानाथाप रोकिएको छैन । अब फूलपातीकै दिन सस्पेन्स थ्रिलर फिल्म 'अभिमन्युः च्याप्टर वान' पनि रिलिज हुने पक्का भएको छ । सोमबार निर्माता कम्पनी सेभेन सिज सिनेमाले एक विज्ञप्ति जारी गर्दै नयाँ प्रदर्शन मिति घोषणा गरेको हो ।

यसअघि यो फिल्म भदौ २७ गतेबाट प्रदर्शनमा आउने तयारीमा थियो । तर, जेनजीको आन्दोलन र त्यसपछि उत्पन्न असामान्य परिस्थितिका कारण निर्माण पक्षले रिलिज स्थगन गरेको थियो । फूलपातीमा 'अभिमन्यु' पनि आउने भएपछि अब चार फिल्मबीच भिडन्त हुने भएको छ । यो मितिमा 'बलिदान', 'हरिबहादुरको जुत्ता' र 'माइतीघर' पनि प्रदर्शनको तयारीमा छन् ।

फूलपातीमा प्रदर्शन हुने तीन फिल्मका निर्मातासँग क्षमायाचना माग्दै विज्ञप्तिमा भनिएको छ, 'हाम्रो कुनै पनि टिमसँग जुधाउने वा प्रतिस्पर्धा गर्ने नियत कहिल्यै पनि थिएन । हामी कुनै टिमसँग भिड्न आएका होइनौं, समय र परिस्थिति नै यस्तो बन्यो ।' 'अभिमन्यु'को हिन्दी भर्सन विजयादशमीको दिन (असोज १६ गते) रिलिज हुने विज्ञप्तिमा उल्लेख छ ।

सुशान्त गौतमको निर्देशनमा बनेको यो फिल्ममा कामेश्वर चौरासिया, शिशिर वाइदेल, सरिता गिरी, गौमाया गुरुङ, लक्ष्मी बर्देवा, किरण श्रेष्ठ लगायतको अभिनय छ । शरद महतोको छायांकन रहेको फिल्मका निर्माताहरु विनोद पौडेल र गुञ्जन गिरी हुन् । रमेश चौलागाई र हरि श्रेष्ठ सह-निर्मातामा छन् । विनोद र रमेश सर्वकालीन ब्लकबस्टर फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का निर्माता हुन् ।

# जेनजीलाई समर्थन गरेपछि दीपकराजलाई धम्की, भन्छन्, 'कुनै लोभले समर्थन गरेको होइन'



काठमाडौं- अभिनेता तथा निर्माता दीपकराज गिरीले जेनजी पुस्ताको आन्दोलनपछि आफूले निरन्तर धम्कीको सामना गर्नुपरेको दावी गरेका छन् । शुक्रबार फेसबुकमा एक पोस्ट लेख्दै उनले कलाकार भएर जेनजीलाई आन्दोलन गर्न उकासेको र उनीहरुतिर लागेको भन्दै केही सरकार पक्षधरले आफूलाई म्यासेज र फोनमार्फत धम्की दिएको बताएका छन् ।

उनले लेखेका छन्, 'मलाई आएको धम्कीको कुरा । अस्तिको दिनबाट केही मानिसहरूले मलाई पनि धम्काउन थालेका छन् । कहिले इनबक्समा त कहिले कल नै गरेर । उनीहरुहरूको भनाइ थियो, जेनजीलाई उकास्ने तँ ? कलाकार भएर जेनजीतिर लाग्ने ? एक-एक हिसाब राखिन्छ । ती कलहरूमध्ये केही त रेकर्ड पनि गरेर राखेको छु ।' उनले जेनजी आन्दोलनको पहिलो दिन भ्रष्टाचारविरुद्धको आन्दोलन शान्तिपूर्ण होस् भनेर आफूले शुभकामना दिएको र दोस्रो दिन आफूसहित धेरै कलाकारले स्टाटस लेखेर थप हिंसा हुन नदिन प्रधानमन्त्रीलाई राजीनामा दिन अनुरोध गर्दै भौतिक संरचनामा भएको विध्वंस रोक्न धेरै आग्रह गरेको भए पनि स्वार्थ समूहका कारण त्यो नरोकएको उल्लेख गरेको छन् ।

उनी अगाडि लेख्छन्, 'यसमा सबै पक्षको केही न केही गल्ती भएको छ, तर सरकार पक्षीय केही मानिसहरू यसको आडमा आफ्नो गल्ती महसुस गर्न छोडेर एक-एकलाई छोडिने छैन, बदला लिइनेछ भनेर स्टयाटस नै ठोक्न थालेको देखें, मलाई आएको कल र म्यासेजको कुरा त गरिहालें । जहाँसम्म मेरो कुरा छ, २०४६ सालको ठूलो आन्दोलनमा तपाईंहरूसँगै सडकमा नै थिएँ म ।'

उनले ६२/६३ मा आफूले पेशा नै धरापमा राखेर जनताको मागलाई समर्थन गरेको र अहिले पनि कुनै लोभले जेनजी आन्दोलनलाई समर्थन नगरेको स्पष्ट पारेका छन् । दीपकराज लेख्छन्, 'भाइ-बहिनीले सुशासन र भ्रष्टाचारको मुद्दा उठाउनुभो त्यसमा समर्थन जनाइयो, जुन स्वभाविकै थियो । सरकारलाई दबाब पनि दिइयो । यदि यो गर्नु अपराध हो भने मबाट पनि अपराध भएकै छ ।'

# संकटमा टाइगर श्रोफ, 'बागी ४' पनि फ्लप




बलिउड अभिनेता टाइगर श्रोफको करिअर यतिबेला संकटमा छ । श्रृंखलाबद्ध रुपमा उनका फिल्महरु असफल भइरहेका छन् । गएको ५ वर्षमा उनले एउटा पनि हिट फिल्म पाएका छैनन् । उनको पछिल्लो सफल फिल्म 'वार' थियो, जुन सन् २०१९ मा रिलिज भएको थियो । सन् २०२० मा आएको 'बागी ३' भने औसत रह्यो । यसपछि उनका फिल्मको असफलताको श्रृंखला रोकिएको छैन ।

'हिरोपन्ती २', 'गणपत', 'बढे मियाँ छोटे मियाँ' र अब टाइगरको नयाँ फिल्म 'बागी ४' पनि असफल भएको छ । गत सेप्टेम्बर ५ मा रिलिज भएको यो फिल्मले पहिलो हप्ता सुखद व्यापार गरेको भए पनि दोस्रो हप्तापछि बक्स अफिसमा कमजोर प्रदर्शन गरिरहेको छ । दोस्रो हप्ताको शनिबारसम्म फिल्मले ४६ करोड नेट कमाएको छ । पहिलो हप्ता फिल्मको व्यापार ४४ करोड ५ लाख थियो । शनिबार ८४ लाख मात्र कमाइ गरेको 'बागी ४'ले अब लगानी उठाउन असम्भव देखिन्छ । यो फिल्म ८० करोडको लागतमा बनेको हो । अब फिल्मको व्यापार लाखमा झरेकाले बढीमा ५० करोड कमाउन सक्ने आँकलन गरिएको छ । भारतीय मिडियाका अनुसार फिल्मका निर्मातालाई हलको कमाइबाट घाटा भए पनि ओटीटी र स्याटेलाइट राइट्सबाट लगानी भने सुरक्षित भएको छ ।

लभस्टोरी र एक्सन विधामा बनेको 'बागी ४'मा टाइगरसहित सञ्जय दत्त, हरनाज सन्धु, सोनम बाजवा, सौरभ सचदेवा लगायतको अभिनय छ । कन्नड भाषी ए. हर्षले निर्देशन गरेको यो फिल्मका निर्माता साजिद नाडियाडवाला हुन् ।

# पाल टाँगेर सर्वोच्चमा सुरू भयो काम



काठमाडौं- प्रदर्शनकारीहरूको आगजनीका कारण क्षतविक्षत भएको सर्वोच्च अदालतमा आजबाट पाल टाँगेर सेवा प्रवाह सुरू गरिएको छ ।

यसअघि सबै न्यायाधीश सम्मिलित पूर्ण बैठक (फुल कोर्ट)ले आगामी आइतबारदेखि बन्दीप्रत्यक्षीकरणको निवेदनहरू हेर्न थालिने जनाएको थियो ।

सर्वोच्च अदालतले आफ्नो परिसरमा केही पाल टाँगेर प्रशासनिक र इजलास अघि बढाउनेगरी काम थालेको हो ।

इजलास शुरू भएको ६ दिनपछि अड्डाअदालतहरूमा दशैंबिदा शुरू हुनेछ । दशैंका बेलामा १५ दिन अदालतमा बिदा दिने र न्यायाधीशहरूले घरमै फैसला लेख्ने अभ्यास छ । तर, यसपटक अदालतको सबै संरचना क्षतविक्षत भएकाले न्यायाधीशहरू संरचना व्यवस्थापनका लागि नियमित अदालत आउनेबारे छलफल गरेका थिए ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले अन्नपूर्ण न्यूरो अस्पताल अगाडीपट्टि बनिरहेको भवनमा समेत इजलास सञ्चालनको सम्भावनाबारे अध्ययन भइरहेको जानकारी दिए ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ८,
२०८२ साल भदौ ३१ गते मंगलबार
16 SEPTEMBER 2025, TUESDAY

# थापाथलीमा गाडीका शोरुम बन्यो खण्डहर, आगजनी र तोडफोडले करिब ५० करोडको क्षति



काठमाडौं । प्रदर्शनकारीहरुले आगो लगाएर सखाप पारेको थापाथलीमा संचालित गाडीका शोरुमहरुको सरसफाई र पुनर्निर्माण सुरु भएको छ। २३ गते थापाथलीमा जेनजी प्रदर्शनका क्रममा युवाको भिडले गाडीका शोरुममा आगजनी गरेको थियो ।

सो क्षेत्रमा रहेका अधिकांश शोरुमहरु केही पूर्णरुपमा क्षति भएको छ । केही शोरुमहरुमा तोडफोड मात्रै गरिएको थियो ।

थापाथलीमा रहेका टाटाका बाहेक अन्य शोरुमहरु अझै अस्तव्यस्त छन् । टाटा मोटर्सको शोरुम पुर्ननिर्माण गर्न थालिएको छ । टाटाको नेपालका लागि आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङले शोरुम पुर्ननिर्माण गर्न सुरु गरेको जनाएको हो ।

अहिले शोरुम हरियो नेटले छोपिएको छ । भित्र कामदारहरु काम गरिरहेका छन् । करिब दुई सातामा शोरुम पुर्ननिर्माण सम्पन्न गर्ने लक्ष्य छ ।

टाटाको शोरुममा रहेका गाडीहरु पनि जलेर नष्ट भएका छन् । टाटाको ४ वटा गाडीमा आगो लगाइएको थियो । एउटा गाडी प्रदर्शनकारीले लिएर गएका थिए । अहिले सो गाडी फिर्ता आइसकेका जनाइएको छ ।

हाल बीमा दाबी गर्ने प्रक्रिया पनि सुरु भएको छ । सर्भेअर आएर एसेस्मेन्ट गरेर गएको अवस्था छ । सर्भेअरले आफ्नो काम गरिरहेका कारण यसमा अहिले क्षतिको विषयमा यकिन नभएको कम्पनीले जनाएको छ ।

थापाथलीमा सिजी ग्रुपका ४ वटा ब्रान्डका लागि लिजमा लिएको बिल्डिङ सम्पूर्ण सखाप पारिएको छ । यहाँ गाडीहरु ७ वटा जलेर नष्ट भएका छन् । चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले पछिल्ला दिनहरू कम्पनीको इतिहासकै सबैभन्दा पीडादायी समय भएको बताएका छन् ।

उनले पछिल्लो समय सवारीसाधनको व्यवसायमा ठूलो लगानी गरिरहेको र लगभग आधा दर्जन भन्दा धेरै ब्रान्डहरु ल्याएर बिक्री गरिरहेको बताएका छन् । थापाथलीमा रहेको स्मार्ट, जीएसी आयोन, एक्सपेङ जस्ता ब्रान्डका शोरुमहरु थिए । यी शोरुमहरु पूर्ण रुपमा ध्वस्त भएका छन् । सबैभन्दा धेरै क्षति यिनै शोरुममा भएको छ ।

कम्पनीका अनुसार यी शोरुमको अन्डर ग्राउन्ड पार्किङमा राखिएको सवारीसाधन भने ठिक अवस्थामा रहेको छ ।

शो रुम भएका भवनका सबै सिसा फुटाइएको छ । ३ तलाको भवन अहिले खण्डहर जस्तो देखिन्छ ।

यसैगरी, महिन्द्रा र सुजुकीका शोरुम पनि पूर्ण रुपमा जलेका छन् । धेरै क्षति सुजुकीको शोरुममा भएको देखिन्छ । सुजुकी शोरुममा ११ वटा गाडी ड्यामेज भएका छन् । यसमध्ये २ वटा जलेर खरानी भएका छन् । अर्को २ वटा ५० प्रतिशत जस्तो जलेर ड्यामेज भएको छ ।

अन्य बाँकी सवारीसाधनहरु तोडफोड गरिएका छन् । सुजुकी शोरुम अटो व्यवसायीहरुको साझा संस्था नाडा अटोमोबाइल्स एशोसिएसन अफ नेपालका अध्यक्ष करण चौधरीको हो ।

यस्तै हुन्डाईको शोरुमहरु पनि सिसा फुटाइएको छ । त्यहाँ पनि प्रदर्शनकारीले गाडी जलाउन खोजेका थिए तर कमर्चारीले केही हदसम्म रोक्दा जोगिएको शोरुमका गार्डले बताए ।

यस्तै अर्को महिन्द्राको शोरुममा पनि एउटा गाडी ध्वस्त भएको छ । यो शोरुमको पनि सिसा फुटाइएको छ भने अन्य गाडीहरु पनि तोडफोड गरिएको छ । झ्यालहरु पनि जलेका छन् । यहाँ सिसावाला शोरुमलाई धेरे टार्गेटमा परेको पारिएको छ ।

थापाथलीमा मात्रै लगभग ३० वटा गाडीमा क्षति पुगेका छन् । शोरम र गाडी गरेर करिब ५० करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ ।

# जेनजी आन्दोलनले सवारी लाइसेन्सको सफ्टवेयर ‘ड्यामेज’,

काठमाडौं- जेनजीको आन्दोलनको क्रममा सवारी चालक लाइसेन्सको सफ्टवेयर नै ‘ड्यामेज’ हुन पुगेको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले सोमबार नवनियुक्तमन्त्री कुलमान घिसिङलाई ब्रिफिङ गर्ने क्रममा सफ्टवेयर ‘ड्यामेज’ भएको जानकारी गराएका हुन् ।

उनले सफ्टवेयर ‘ड्यामेज’का कारण लाइसेन्सको डेटा रिकभर गर्न चुनौती हुने देखिएको बताए ।

‘हाम्रो लाइसेन्सको सफ्टवेयर ड्यामेज भएको छ । यसले गर्दा लाइसेन्सको प्रायः सबै डेटा लस भएको छ । यसलाई रिट्राइभ गर्न हामीलाई अहिले ठूलो



चुनौती भइरहेको छ । डेटा रिकभर हुनेमा आशंका छ,’ सचिव शर्माले भने । विभागले अहिलेसम्म स्मार्ट लाइसेन्स २५ लाखभन्दा बढी वितरण गरेको छ । सचिव शर्माका अनुसार जेनजीको आन्दोलनमा यातायात व्यवस्था विभागको आधा भाग जलेर नष्ट भएको छ । जसले गर्दा ५ लाखभन्दा बढी इम्बोस्ड नम्बर प्लेट पनि सखाप भएको उनको भनाइ छ ।

# एमाले नेता गोकुल बास्कोटाले भने- पार्टी छिटो पुनर्गठन गरौं



काठमाडौं- नेकपा एमालेका नेता गोकुल बास्कोटाले पार्टीलाई छिटो पुनर्गठन गर्नुपर्ने बताएका छन् । जेनजी युवाको प्रदर्शनपछि एमाले नेतृत्वको सरकार ढलेर पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार गठन भएपछि बास्कोटाले पबार्टी पुनर्गठन गर्नुपर्ने धारणा सार्वजनिक गरेका हुन् । उनले फेसबुकमा लेखेका छन्, ‘छिटो तर सुविचारित निर्णय गरी पार्टीलाई पुनर्गठन गरौं ।’ राजनीतिक दलविना गणतन्त्र र गणतन्त्र विना समाज बाँच्दैन भन्दै बास्कोटाले लेखेका छन्, ‘समय, परिवेश, प्रकृति, प्रकृया र समाज विज्ञानका नियमले नेतृत्व बदल्छ सबै तयार हुनैपर्छ ।’


## आत्महत्या समस्याको समाधान होइन ।

**आत्महत्याका प्रमुख कारणः**


- मानसिक तनाव, डिप्रेशन वा निराशा,
- पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुव्यवहार आदि ।

**रोकथामका उपायः**

- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्या साटासाट गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं ।

**‘एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समाधान खोजौं’**

नेपाल सरकार
विज्ञापन बोर्ड


जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कम्प्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार